
# प्रादेशिक आर्थिक गतिविधि अध्ययन
# (मधेश प्रदेश)

## अर्ध-वार्षिक प्रतिवेदन
(आ.व.२०७९/८०)




**नेपाल राष्ट्र बैंक**

**जनकपुर कार्यालय**

(२०८० असार)

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोस्रो संशोधन, २०७३ समेत) को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा तथ्याङ्कगत विश्लेषण गरी सोको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त प्रावधान अनुरुप नेपाल राष्ट्र बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्कहरूको संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदनहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भए पश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना/गरिनुका साथै आर्थिक गतिविधि अध्ययनको लागि तोकिएका जिल्लाहरूको संख्या ५८ बाट ७७ पुऱ्याइएको छ । यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **"आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)"** मा आधारित भई तयार पारिएको छ । उक्त मार्गदर्शन अनुसार मधेश प्रदेशका ८ वटा जिल्लाहरू मध्ये जनकपुर कार्यालय अन्तर्गत (सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही,) र वीरगञ्ज कार्यालय अन्तर्गत (रौतहट, बारा र पर्सा) सहितको आर्थिक वर्ष २०७९/८० को प्रथम अर्ध वार्षिक अवधिमा भएका आर्थिक गतिविधिहरूको अध्ययन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

मधेश प्रदेशका ८ वटै जिल्लाहरूको कृषि, उद्योग, सेवाका साथै पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूसँग सम्बन्धित तथ्याङ्क संकलन तथा प्रशोधनसहित यो प्रथम अर्ध-वार्षिक आर्थिक प्रतिवेदन तयार गरिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनाहरूलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । मधेश प्रदेशका जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा आगामी वर्ष तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालयले मधेश प्रदेशका ८ वटै जिल्लाहरूलाई समेटि प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा वार्षिक एवम् अर्ध-वार्षिक आर्थिक प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक प्रतिवदेन सबैको जानकारीको लागि सार्वजनिक गरिएको छ । यसबाट मधेश प्रदेश लगायत अन्य सम्वद्ध निकायहरुलाई मधेश प्रदेशको प्रमुख आर्थिक परिसूचकहरुको बारेमा जानकारी गराउन सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**निर्देशक**
**अशोक घिमिरे**
**नेपाल राष्ट्र बैंक**
जनकपुर कार्यालय

# विषय सूची


पेज नं.

**भूमिका** **i**

**विषय सूची** **ii**

**तालिका सूची** **iv**

**चार्ट सूची** **iv**

**कार्यकारी सारांश** **v**

**परिच्छेद : १ परिचय** **१-३**

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययन प्रतिवेदनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा ३

**परिच्छेद : २ प्रदेशको तुलनात्मक स्थिति** **४-१०**

२.१ कुल गार्हस्थ्य उत्पादन ४

२.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा ४

२.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान ५

२.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५

२.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति ६

२.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती ८

**परिच्छेद : ३ कृषि क्षेत्र** **११-२०**

३.१ कृषि उपजले ढाकेको भू–क्षेत्र ११

३.२ कृषि उत्पादन १२

३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन १४

३.४ सिँचाइ तथा मौसम १६

३.५ क्षेत्रगत कृषि कर्जा १६

३.६ सहुलियतपूर्ण कर्जा १७

३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना १९

**परिच्छेद : ४ उद्योग क्षेत्र** **२१-२४**

४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन २१

४.२ समग्र औद्योगिक कर्जा स्थिति २१

४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति २२

४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना २३

**परिच्छेद : ५ सेवा क्षेत्र** **२५-३०**

५.१ पर्यटन २५

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २५

५.३ वित्तीय सेवा २५

५.४ निक्षेप तथा कर्जा स्थिति २६

५.५ यातायात २७

५.६ सेवा क्षेत्र कर्जा २७

५.७ सहकारी २८

५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना २९

**परिच्छेद : ६ पूर्वाधार र रोजगारी** **३१-३५**

६.१ पूर्वाधार क्षेत्र ३१

६.२ रोजगारी ३३

६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३४

**परिच्छेदः ७ आर्थिक परिदृश्य** **३६-३७**

७.१ प्रदेशको आर्थिक परिदृश्य ३६

७.१.१ कृषि तथा वनजन्य उत्पादन ३६

७.१.२ औद्योगिक उत्पादन ३६

७.१.३ सेवा क्षेत्र ३७

७.१.४ पूर्वाधार क्षेत्र ३७

# तालिका सूची


| शीर्षक | पेज नं. |
|---|---|
| तालिका २.१: वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति | ७ |
| तालिका २.२: मधेश प्रदेशको जनसंख्या विवरण | ८ |
| तालिका ३.१: तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा) | १२ |
| तालिका ३.२: मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा) | १३ |
| तालिका ३.२: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा) | १४ |
| तालिका ३.३: मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | १५ |
| तालिका ३.४: मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | १५ |
| तालिका ३.५: मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.दश लाखमा) | १७ |
| तालिका ३.६: मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा) | १७ |
| तालिका ४.१: जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.दश लाखमा) | २२ |
| तालिका ५.१: सार्वजनिक निर्माण तथा रियलस्टेट | २५ |
| तालिका ५.२: बैंक तथा वित्तीय संस्थाका शाखाहरू | २६ |
| तालिका ५.३: मधेश प्रदेशमा यातायातको स्थिति | २७ |
| तालिका ५.४: सेवा क्षेत्र कर्जाको स्थिति (रु.दश लाखमा) | २८ |
| तालिका ५.५: जिल्लागत सेवा क्षेत्र कर्जा (रु.दश लाख) | २८ |
| तालिका ६.१: श्रम स्वीकृति लिनेहरूको संख्या | ३३ |


# चार्ट सूची


| शीर्षक | पेज नं. |
|---|---|
| चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ४ |
| चार्ट २.२: कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा) | ५ |
| चार्ट २.३: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | ६ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा) | ११ |
| चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा) | १६ |
| चार्ट ४.१: औद्योगिक कर्जा लगानी स्थिति (रु.दश लाखमा) | २३ |
| चार्ट ५.१: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा ) | २६ |

# कार्यकारी सारांश

मधेश प्रदेशका ८ वटा जिल्लाहरूमा भएको आर्थिक गतिविधिहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क एवम् राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको तथ्याँकका आधारमा तयार गरिएको आर्थिक वर्ष २०७९/८० को प्रथम अर्ध–वार्षिक अध्ययन प्रतिवेदनको सार संक्षेप निम्नानुसार रहेको छ ।

**समष्टिगत आर्थिक स्थिति**

१. चालु आर्थिक वर्ष २०७९/८० को कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मुल्यमा रु.५३ खर्ब ८१ अर्ब रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको छ । त्यस्तै मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मुल्यमा रु.७ खर्ब ७ अर्ब रहने अनुमान छ ।

२. चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको वृद्धि दर आधारभूत मूल्यमा १.८६ प्रतिशत र मधेश प्रदेशको आर्थिक वृद्धिदर १.६९ प्रतिशत रहने अनुमान छ ।

३. यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान (३५.२ प्रतिशत) कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान (०.२ प्रतिशत) खानी तथा उत्खनन क्षेत्रको रहेको छ ।

**कृषि**

४. समीक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ३.९३ प्रतिशत, तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा ५.७२ प्रतिशतले र फलफूल तथा मसलाले ढाकेको क्षेत्रफलमा ९.१३ प्रतिशतले ह्रास आएको छ ।

५. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ३.६० प्रतिशत, तरकारी तथा बागवानी उत्पादन १६.८७ प्रतिशत र फलफूल तथा मसला उत्पादनमा १०.३६ प्रतिशतले वृद्धि भएको छ ।

६. समीक्षा अवधिमा पशुजन्य उत्पादनतर्फ दूध, मासु र अण्डाको उत्पादनमा क्रमशः ५.७० प्रतिशत, १४.९७ प्रतिशत र ९.७५ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, माछाको उत्पादन ८.८० प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनअन्तर्गत काठको उत्पादन ४.७४ प्रतिशतले वृद्धि भएको छ भने दाउराको उत्पादन ४४ प्रतिशतले वृद्धि भएको छ ।

७. २०७९ पुस मसान्तमा मधेश प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा रु.५६ अर्ब ७ करोड कर्जा प्रवाह भएको छ, जुन कुल कर्जाको १२.३८ प्रतिशत हुन आउँदछ ।

**उद्योग**

८. समीक्षा अवधिमा अध्ययनमा समेटिएका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ३७ प्रतिशत रहेको छ ।

९. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा १.५० प्रतिशतले वृद्धि भई रु. १ खर्ब १४ अर्ब २ करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो कर्जा रु. १ खर्ब १२ अर्ब रहेको थियो ।

**सेवा**

१०. समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन संख्यामा ५१ प्रतिशतले ह्रास आई ४३,२५७ कायम भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा ५७ प्रतिशतले ह्रास आएको छ ।

११. २०७९ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाले मधेश प्रदेशबाट परिचालन गरेको निक्षेप ५.८४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ५० करोड पुगेको छ भने कर्जा प्रवाह ६.८० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५२ अर्ब ९ करोड पुगेको छ । निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाह उच्च रहेको छ मधेश प्रदेशबाट परिचालित कुल निक्षेपमा पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी २५.४४ प्रतिशत र रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम ६.०१ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहतर्फ पर्सा जिल्लाको अंश सबैभन्दा बढी ३४.५० प्रतिशत र सप्तरी जिल्लाको सबैभन्दा कम १४.८८ प्रतिशत रहेको छ ।

**पूर्वाधार**

१२. प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयन कै चरणमा रहेका छन् । जसमध्ये हुलाकी सडक मार्गको निर्माणमा तुलनात्मक रुपमा राम्रो प्रगति भईरहेको छ ।

# परिच्छेद - १
# परिचय

## १.१ पृष्ठभूमी

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ बमोजिम नेपाल राष्ट्र बैंकले मुलुकको समष्टिगत आर्थिक, वित्तीय र वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने व्यवस्था रहेको छ । सोही बमोजिम प्रदेश कार्यालय जनकपुरले तयार गरेको प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुस सम्मको अर्धवार्षिक विवरणमा आधारित रहेको छ ।

विगतमा तोकिएका जिल्लाहरूबाट तथ्याङ्क संकलन गरी अध्ययन प्रतिवेदन तर्जुमा गर्ने प्रचलन रहेकोमा मुलुकमा संघीयता कार्यान्वयनमा आएपछि प्रदेशगत रुपमा समेत आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन तयार गर्नुका साथै प्रदेश स्तरमा आवश्यक सल्लाह प्रदान गर्नुपर्ने देखियो । फलस्वरुपः आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ तयार गरी मार्गदर्शनमा उल्लेख भए बमोजिम मुलुकका सबै जिल्लाहरूबाट तथ्याङ्क संकलन हुने गरी प्रदेश भित्रका जिल्लाहरूबाट नेपाल राष्ट्र बैंकका प्रदेश कार्यालयहरूले तथ्याङ्क सङ्कलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्ने व्यवस्था भएको छ । सो अनुसार मधेश प्रदेशका जनकपुर कार्यालयबाट सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, र बिरगञ्ज कार्यालयबाट रौतहट, बारा, पर्सा गरी ८ जिल्लाहरूबाट तथ्याङ्क सङ्कलन गरी यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनामा मधेश प्रदेशको समग्र आर्थिक स्थितिको साथसाथै कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हासिल भएको प्रगति समेत समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा मधेश प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना र समस्या एवम् चुनौतीहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यसका अतिरिक्त चालु आर्थिक वर्षको पहिलो ६ महिनाको स्थिति तथा बाँकी ६ महिनाको अवधिको अनुमानको आधारमा मधेश प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको आर्थिक परिदृष्य समेत समावेश गरिएको छ । उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुरको अवस्था, पूर्वाधार क्षेत्रमा जयनगर-जनकपुर-कुर्था रेलवे, निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, हुलाकी राजमार्ग र काठमाडौं-तराई मधेश द्रुतमार्गको प्रगति स्थिति, पुर्व पश्चिम रेलमार्ग, राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्याको विवरण बारेमा समेत यस अध्ययन प्रतिवेदनमा विश्लेषण गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ तथा नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित) अनुसार यस प्रदेशको सबै जिल्लाहरूमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरूमा मूलतः स्थलगत सर्वेक्षण गरी प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । त्यस्तै, मुख्य खाद्य बाली सम्बन्धी केही तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट नेपाल राष्ट्र बैंकमा प्राप्त विवरण आर्थिक अनुसन्धान विभाग मार्फत

लिइएको छ । प्रदेशस्थित सरकारी निकायहरूबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिंचाई, पशुपन्छी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरू स्थलगत रुपमा संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ, उद्योगहरूको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ३० उद्योगहरूको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ्ग क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्यांक बैंक तथा वित्तीय संस्थाहरूल NRB supervisry Information System (SIS) मार्फत नेपाल राष्ट्र बैंकमा पठाएको विवरण आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ । साथै, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन संख्या र सो वापतको राजश्वको रकम भूमि व्यवस्था तथा अभिलेख विभाग बबरमहल, भूमी व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभाग मार्फत लिइएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका ५ होटलहरूबाट स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्शापास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरूबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशको भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, सडक डिभिजन कार्यालय र नगरपालिकाहरुबाट समेत लिइएको छ । यातायाततर्फ सवारी संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न मधेश प्रदेशका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरूको नमुना छनौट गरी विवरण संकलन गरिएको छ ।

पूर्वाधार क्षेत्र अन्तरगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विवरण लिँदा सम्बन्धित सरकारी कार्यालयहरूबाट प्रकाशित तथा अप्रकाशित तथ्याङ्कलाई आधार मानिएको छ ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

नेपालको संविधान, २०७२ बमोजिम संघीयता कार्यान्वयनमा आए पश्चात तथ्याङ्क प्रदायक निकायहरूको पुनरसंरचना भएकोले ती निकायहरूसँग सम्बन्धित तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्यमा अझै पूर्णता आइसकेको छैन । फलस्वरुपः कृषि उत्पादन र पूर्वाधार लगायतका कतिपय विवरणहरू समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन । खासगरी कृषिको तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय र सडक पूर्वाधारको विवरण सडक विभागको विवरणमा आधारित भई प्रतिवेदन लेखनको काम सम्पन्न गरिएको छ ।

यस प्रदेशमा सञ्चालित कतिपय उद्योगहरूका प्रशासनिक र केन्द्रीय कार्यालय अन्य प्रदेशहरूमा रहेकोले उत्पादन र रोजगारीका विवरणहरू अपेक्षित रुपमा उपलब्ध हुन सकेको छैन । प्रदेशमा स्थापित नयाँ उद्योगहरू तथा कतिपय भइरहेका उद्योगहरूले उपलब्ध गराउने तथ्याङ्क व्यवस्थित हुन नसकेकोले तथ्याङ्कको शुद्धतामा कमी हुने देखिएको छ । उद्योगहरुले सहज रुपमा समयमा तथ्याङ्क उपलब्ध नगराउँदा प्रतिवेदन लेखन तोकिएको समयमा सम्पन्न गर्न गाह्रो पर्ने गरेको छ भने अवस्था विश्लेषणको लागि पर्याप्त, गुणस्तरीय तथा भरपर्दो तथ्याङ्कको उपलब्धतामा समेत समस्या हुने गरेको छ ।

भौतिक निर्माण तर्फ गाउँपालिकाहरूले निर्माण गरेका सडक, सिंचाई र खानेपानी आयोजनाहरूका जिल्लागत विवरण पर्याप्त मात्रामा उपलब्ध हुन नसकेकोले सो सम्बन्धी तथ्याङ्क पूर्ण हुन सकेको छैन ।

सेवा क्षेत्रमा खासगरी पर्यटकको विवरण उपलब्ध गराउने अध्यागमन तथा पर्यटन सूचना केन्द्र जस्ता आधिकारिक निकाय मधेश प्रदेशमा नभएकोले नमुना छनौटमा परेका सीमित होटलहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

### १.४ अध्ययन प्रतिवेदनको ढाँचा

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ अनुसार तयार गरिएको यस प्रतिवेदनलाई ७ परिच्छेदहरूमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा प्रतिवेदनको परिचय प्रस्तुत गर्दै यसको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति र हालको अवस्था बारे प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार क्षेत्रको विवरण समावेश गरिएको छ । परिच्छेद ७ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद-२

# प्रदेशको तुलनात्मक स्थिति


## २.१ कुल गार्हस्थ्य उत्पादन

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५३ खर्ब ८१ अर्ब पुग्ने अनुमान गरेको छ । राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.९ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ ।

### २.१.१ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.६९ प्रतिशत रहने अनुमान छ । मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.७ खर्ब ७ अर्ब पुग्ने अनुमान छ । चालु आर्थिक वर्षमा मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.२ प्रतिशत, ११.३ प्रतिशत र ५३.५ प्रतिशत रहने अनुमान रहेको छ । विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा क्रमशः २४.१ प्रतिशत, १३.५ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान रहेको छ । यस सम्बन्धी विवरण चार्ट २.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.१: प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)**




*(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय २०२३)*

विभागबाट प्रकाशन भएको अनुमानित विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी योगदान मधेश प्रदेशको ३५.२ प्रतिशत रहने अनुमान छ । त्यसैगरी, उद्योग क्षेत्रको सबैभन्दा बढी योगदान गण्डकी प्रदेशको १७.४ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा बढी योगदान बागमती प्रदेशको ७७.४ प्रतिशत रहने अनुमान छ ।


सोही विवरण अनुसार प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान सबैभन्दा कम बागमती प्रदेशमा ११.९ प्रतिशत रहने अनुमान छ । त्यसैगरी उद्योग क्षेत्रको सबैभन्दा कम योगदान कर्णाली प्रदेशको १०.१ प्रतिशत र सेवा क्षेत्रको सबैभन्दा कम योगदान कोशी प्रदेश को ५० प्रतिशत रहने अनुमान

छ । मधेश प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३५.४ प्रतिशत, ११.३ प्रतिशत र ५३.३ प्रतिशत रहने अनुमान छ (चार्ट २.१) ।

### २.१.२ राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान

आर्थिक वर्ष २०७९/८० को अनुमानित कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.५३ खर्ब ८१ अर्ब मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.८ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान रहेको छ । अनुमानित राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा मधेश प्रदेशको हिस्सा १३.१ प्रतिशत रहने अनुमान छ । यस सम्बन्धी विवरण चार्ट २.२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट २.२ : कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)**





*(स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय)*

### २.१.३ प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर

हालका दिनहरुमा नेपालमा कोभिड-१९ को प्रभावको अवस्था छैन । तथापि, विश्वका अन्य देशहरुमा भएका घटनाले विश्वव्यापीरुपमा आपूर्ती श्रृंखला खलबलिएको तथा पेट्रोलीयम पदार्थ लगायतका वस्तुमा भएको मुल्य वृद्धिको असर हाम्रो अर्थतन्त्रमा पनि परेको छ । यस वर्षको राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादनको आर्थिक बृद्धि दरको अनुमान उपभोक्ताको मूल्यमा १.८६ प्रतिशत हुने अनुमान रहेको छ । प्रदेशगत आधारमा हेर्दा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर सबैभन्दा बढी गण्डकी प्रदेशमा ३.३ प्रतिशत रहने अनुमान रहेको छ भने सबैभन्दा कम वृद्धिदर बागमती प्रदेशमा १.४ प्रतिशत रहने अनुमान छ (चार्ट २.३) ।

**चार्ट २.३ : प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर**




*(स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय)*

## २.२ प्रदेशगत वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति

आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिको कुल निक्षेप परिचालनमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ६९.३७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.१७ प्रतिशत मात्र रहेको छ । कुल निक्षेप परिचालनमा मधेश प्रदेशको योगदान ४.८९ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५५.६५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश ३.३० प्रतिशत रहेको छ। कुल कर्जा प्रवाहमा मधेश प्रदेशको अंश ९.४ प्रतिशत रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी बागमती प्रदेशको हिस्सा ३५.९५ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.५९ प्रतिशत रहेको छ । मधेश प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १६.२६ प्रतिशत रहेको छ । विपन्न वर्गमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ४७.८७ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.५४ प्रतिशत रहेको छ । सहुलियतपूर्ण कर्जा तर्फ सबभन्दा बढी बागमती प्रदेशमा ३५.२१ प्रतिशत प्रवाह भएको देखिन्छ भने कर्णाली प्रदेशमा सबभन्दा कम १.६५ प्रतिशत रही सबभन्दा कम कर्जा प्रवाह भएको देखिन्छ।

बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्या ११,५३४ मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ३०२५ रहेको छ भने सबै भन्दा कम कर्णाली प्रदेशमा केवल ४५९ शाखाहरू रहेको छ । समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालित बैंक वित्तीय संस्थाहरूको शाखा संख्या १,७६१ रहेको छ।

यसैगरी, मोबाईल बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ६८,२१,६८१ रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा ५,४६,७३५ रहेको छ। मधेश प्रदेशमा मोबाईल बैंकिङ्ग प्रयोगकर्ता २८.८५ प्रतिशत रहेका छन् । इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता सबैभन्दा बढी बागमती प्रदेशमा ८,२१,९३२ र सबैभन्दा कम कर्णाली प्रदेशमा १०,९२३ रहेको छ । डेबिड कार्ड र क्रेडिट कार्ड प्रयोगकर्ताको संख्या सबैभन्दा बढी

बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको छ । यस सम्बन्धी विवरण तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : वित्तीय सेवा तथा वित्तीय उपकरणको स्थिति**

| विवरण | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| कुल निक्षेपमा अंश (%) | ६.८१ | ४.८९ | ६९.३७ | ७.५२ | ८.०८ | १.१७ | २.१५ |
| कुल कर्जामा अंश (%) | ११.५५ | ९.४ | ५५.६५ | ७.४७ | ४.८० | ३.३० | ७.४५ |
| कृषि कर्जाको अंश (%) | १६.८० | १६.२६ | ३५.९५ | ८.८९ | १५.३० | १.५९ | ५.२० |
| विपन्न क्षेत्र कर्जा | १४.१७ | ८.९९ | ४७.८७ | ११.२८ | १२.५७ | १.५४ | ३.५५ |
| सहुलियतपूर्ण कर्जाको अंश (%) | १९.२८ | ११.०८ | ३५.२१ | १२.४१ | १५.१५ | १.६५ | ५.१८ |
| डेबिट कार्ड प्रयोगकर्ता | १३६७२२४ | ९,७४२४६ | ४६,५४,१२५ | ९,५२,५७४ | १३,४५,१६८ | २,,२४,१४७ | ५,४७,४७८ |
| क्रेडिट कार्ड प्रयोगकर्ता | २४६९१ | १५३९६ | १,५५१०९ | १५८६७ | १७०१७ | २४५८ | ६२१८ |
| मोबाईल बैंकिङ्ग प्रयोगकर्ता | २५,५७,३९७ | १७,६४,२०६ | ६८,२१,६८१ | १९,७९,१९३ | २८,०२,३१३ | ५,४६,७३५ | ११,२२,२५४ |
| इन्टरनेट बैंकिङ्ग प्रयोगकर्ता (%) | १,४७,६०९ | ११०,५३४ | ८,२१,९३२ | १,८४,३०८ | २,१५,३८७ | १०,९२३ | ३९,०९२ |
| शाखा संख्या (क, ख, ग र घ वर्ग) | १,८१२ | १,७६१ | ३०२५ | १,४१६ | २,२५५ | ४५९ | ८४२ |

*(स्रोत: नेपाल राष्ट्र बैंक,बैंक तथा वित्तीय संस्था नियमन विभाग)*

**राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको जनसंख्या**

राष्ट्रिय जनगणना २०७८ को अन्तिम प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये प्रदेशगत आधारमा सबैभन्दा धेरै जनसंख्या मधेश प्रदेशमा ६१,१४,६०० जना रहेको छ । जुन कुल जनसंख्याको २०.९७ प्रतिशत हुन आउँदछ । मधेश प्रदेशको कुल जनसंख्यामा पुरुषको संख्या ३०,६५,७५१ जना र महिलाको संख्या ३०,४८,८४९ रहेको छ । मधेश प्रदेशमा कुल परिवार संख्या ११,५६,७१५ रहेको छ । जनसंख्याको लैङ्गिक अनुपात विश्लेषण गर्दा मधेश प्रदेशमा १००.५५ रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर हेर्दा मधेश प्रदेशमा १.१९ प्रतिशत रहेको देखिन्छ ।

प्रकाशित नतिजा अनुसार जनघनत्वको हिसाबले तराई क्षेत्रमा ४६१ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेकोमा मधेश प्रदेशमा सबैभन्दा धेरै ६३३ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेको देखिन्छ । मधेश प्रदेशका विभिन्न जिल्लाहरुको जनसंख्या विवरण तालिका १.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.२: मधेश प्रदेशको जनसंख्या विवरण**

| जिल्ला | जम्मा जनसंख्या | पुरुष | महिला | परिवार संख्या | लैङ्गिक अनुपात | परिवारको औसत आकार | जन घनत्व | वार्षिक जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|
| सप्तरी | ७,०६,२५५ | ३,५१,३६८ | ३,५४,८८७ | १,४६,८५४ | ९९.०८ | ४.८१ | ५१८ | ०.९६ |
| सिराहा | ७,३९,९५१ | ३,६३,७२४ | ३,७६,२२९ | १,४८,५७१ | ९६.६७ | ४.९८ | ६२३ | १.४३ |
| धनुषा | ८,६७,७४७ | ४,२९,८९३ | ४,३७,८५४ | १,७७,१४३ | ९८.१८ | ४.९० | ७३५ | १.३४ |
| महोतरी | ७,०६,९९४ | ३,४९,१५९ | ३,५७,८३५ | १,३७,९०२ | ९७.५७ | ५.१३ | ७०६ | १.१४ |
| सर्लाही | ८,६२,४१७ | ४,३५,१३१ | ४,२७,३३९ | १,६४,८९३ | १०१.८२ | ५.२३ | ६८५ | १.०९ |
| रौतहट | ८,१३,५७३ | ४,०८,४०३ | ४,०५,१७० | १,३७,०३२ | १००.८० | ५.९४ | ७२३ | १.६३ |
| बारा | ७,६३१३७ | ३,८९७८७ | ३,७३,३५० | १,३१,२४० | १०४.४३ | ५.८१ | ६४२ | १.०० |
| पर्सा | ६,५४,४७१ | ३,३८२८६ | ३,१६१८५ | १,१३,०८० | १०६.९९ | ५.७९ | ४८३ | ०.८२ |
| **जम्मा** | **६१,१४,६००** | **३०,६५,७५१** | **३०,४८,८४९** | **११,५६,७१५** | | | **६३३** | ***१.१९** |

*(श्रोत : राट्रिय योजना आयोग, राष्ट्रिय तथ्याङ्क कार्यालय*
* औषत जनसंख्या वृद्धिदर

मधेश प्रदेशका जिल्लाहरु मध्ये सबैभन्दा बढी जनसंख्या, र परिवार संख्या धनुषा जिल्लामा रहेको छ । यस जिल्लामा कुल जनसंख्या ८,६७,७४७ जना र परिवार संख्या १,७७,१४३ संख्या रहेको छ भने सबैभन्दा कम जनसंख्या, र परिवार संख्या पर्सा जिल्लामा रहेको छ । यस जिल्लामा जम्मा जनसंख्या ६,५४,४७१ जना र परिवार संख्या १,१३,०८० रहेको देखिन्छ ।

लैङ्गिक अनुपात सबैभन्दा धेरै पर्सा जिल्लामा र सबैभन्दा कम सिराहा जिल्लामा क्रमश: १०६.९९ र ९६.६७ रहेको छ । परिवारको औसत आकारको आधारमा हेर्दा रौतहट जिल्लामा सबैभन्दा बढी प्रति परिवार ५.९४ जना र सप्तरी जिल्लामा सबैभन्दा कम प्रति परिवार ४.८१ जना रहेको छ ।

जनघनत्वको हिसाबले सबैभन्दा धेरै धनुषा जिल्लामा ७३५ जना प्रतिवर्ग कि.मि. र सबैभन्दा कम पर्सा जिल्लामा ४८३ जना प्रतिवर्ग कि.मि. रहेको छ । मधेश प्रदेशमा जिल्लागत रुपमा वार्षिक जनसंख्या वृद्धिदरको विश्लेषण गर्दा सबैभन्दा बढी रौतहट जिल्लामा १.६३ प्रतिशत र सबैभन्दा कम ०.८२ प्रतिशत पर्सा जिल्लामा रहेको देखिन्छ ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती :

### २.३.१ प्रादेशिक क्षमता, सम्भावना

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार आर्थिक वर्ष २०७९/८० मा मधेश प्रदेशको कुल प्रादेशिक गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको सबैभन्दा बढी ३५.२ प्रतिशत योगदान रहने अनुमान रहेको छ भने खानी तथा उत्खनन् क्षेत्रको सबैभन्दा कम ०.१८ प्रतिशत योगदान रहने अनुमान रहेको छ । भौगोलिक हिसावले समतल भू-भागमा अवस्थित रहेको मधेश प्रदेश आर्थिक क्रियाकलापका दृष्टिले समृद्ध प्रदेशको रुपमा विकसित हुन सक्ने सम्भावित प्रदेशको रुपमा रहेको छ । समष्टीगत रुपमा मधेश प्रदेशको आर्थिक विकासका सम्भावनाहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

- समतल भुभाग रहेकोले यातायात तथा औद्योगिक पूर्वाधार निर्माण गर्न तुलनात्मक सहजता, मुलुकको कुल जनसंख्याको करिब २०.९७ प्रतिशत जनसङ्ख्या वसोवास गर्ने भएकोले औद्योगिक उत्पादन र

खपतका लागि बजार साथै श्रमशक्ति तथा श्रमबजारको समेत लाभ रहेको, कृषियोग्य भूमिको प्रचुरता तथा वैदेशिक व्यापारको लागि प्रस्थान विन्दु समेत भएको कारणले मधेश प्रदेशमा कृषिका अतिरिक्त औद्योगिक क्षेत्रको विकास र आर्थिक क्रियाकलापमा बृद्धिको पनि उत्तिकै सम्भावना रहेको छ ।

- यो प्रदेश भारतीय सीमासँग जोडिएकाले उत्पादनशील उद्योग तथा कलकारखानाहरू स्थापना गरी उत्पादित वस्तु भारततर्फ निकासी गर्न समेत तुलनात्मक रुपले निकै सहज रहेको छ ।

- मधेश प्रदेशमा विभिन्न धार्मिक मठ मन्दिरहरू रहेका कारण धेरै संख्यामा भारतीय पर्यटकहरूको आवागमन हुने गर्दछ । प्रसिद्ध जानकी मन्दिर र गढिमाई मन्दिर यही प्रदेशमा रहेकाले धार्मिक तथा सांस्कृतिक पर्यटनको पनि राम्रो सम्भावना रहेको छ ।

- पोखरा पछि धेरै ताल तथा पोखरीहरू रहेको जनकपुरधाम जस्ता शहर मधेश प्रदेशमा रहेकाले यहाँस्थित पोखरीहरूको सरसफाई तथा सडक पूर्वाधार सुधार र गुणस्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरी जल मनोरञ्जन जस्ता क्रियाकलापमा वृद्धि गर्नसके यहाँ आन्तरिक तथा बाह्य पर्यटकको प्रवर्द्धन गरी राजस्व संकलनमा समेत वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

- सर्लाही जिल्लाको बागमती नगरपालिकामा निर्मित भरत ताल मुलुककै ठूलो मानव निर्मित जलाशय रहेको र यो ताल ठूला जलाशय नभएको भारतीय राज्य बिहार नजिकै रहेकाले यहाँ भारतीय नागरिकहरू समेत आकर्षण गरी पर्यटन विकास तथा आर्थिक गतिविधि बढाउनुका साथै भारतीय मुद्रा आर्जनको राम्रो स्रोत बन्नसक्ने सम्भावना रहेको छ । मुलुककै ठूलो जलाशय रहेको सप्तकोशी नदी प्रदेशको सीमा हुँदै बगेकोले नदीमा जल मनोरञ्जन गर्ने पर्यटकको लागि उपयुक्त रहेकोले त्यहाँबाट पनि पर्यटन प्रवर्द्धनको सम्भावना रहेको छ ।

- मधेश प्रदेशलाई जयनगर, जनकपुर कुर्था रेलवे सेवाले भारतीय सीमासँग जोडेकोले यहाँ उत्पादित सामानहरू भारततर्फ निकासी गर्नुका साथै भारतीय पर्यटकहरूलाई आवागमनमा सुविधा भएकोले सोबाट लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।

- प्रदेशको नजिकै रहेको सिन्धुलीगढीमा युद्ध संग्रहालयको स्थापना भएकोले सो अवलोकन गर्ने पर्यटकलाई आकर्षित गर्न सकिनुका साथै प्रशस्त माछा पालन हुने यस प्रदेशमा मत्स्य पर्यटनसँग सम्बन्धित क्रियाकलाप समेत वृद्धि गर्न सकिने देखिएको हुँदा सो को प्रवर्द्धन र विकासका लागि स्तरीय होटल तथा लज सञ्चालन हुन सकेमा रोजगारी सिर्जना हुनका साथै पर्यटकीय गतिविधि विकास गर्नसक्ने सम्भावना देखिन्छ ।

### २.३.२ प्रादेशिक चुनौती

- शहरी क्षेत्रका सडकमा जताततै थुप्रने फोहोर व्यवस्थापन गरी वातावरणीय प्रदुषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशको रुपमा विकास गर्नु ।

- शैक्षिक गुणस्तरमा सुधार गरी मधेश प्रदेशमा अवस्थित जनकपुर र वीरगंज जस्ता ठूला र व्यापारिक शहरलाई शैक्षिक हवको रुपमा विकास गर्नु ।

- धेरै अगाडिदेखि माछापालनको लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुर जस्ता मत्स्य विकास केन्द्रहरू तथा मधेश प्रदेशको अन्य स्थानहरूको माछा उत्पादन क्षमता अभिवृद्धि गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गर्नु ।

- भौगोलिक दृष्टिले सुगम रहेको मधेश प्रदेशको तुलनात्मक लाभ लिंदै ओद्योगिक विकास गरी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशबाट औद्योगिक क्षेत्रमा योगदान वृद्धि गर्नु ।

- परम्परागत रुपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सर्वसुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा

व्यवस्थापन मिलाउनुको साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु, उत्पादनमूलक उद्योग धन्दा तथा कलकारखाना स्थापना गरी उत्पादन बढाउनुका साथै रोजगारी श्रृजना गर्नु ।

- भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रको रुपमा विकास गर्नु ।
- वैदेशिक रोजगारीको लागि विदेशमा रहेका युवाहरूले पठाएको विप्रेषणलाई सोहि स्थानिय तहको समन्वयमा उत्पादनमुलक क्षेत्रमा लगानी गर्नु ।
- पर्सा वन्यजन्तु आरक्ष, नजिकै रहेको कोशी टप्पु वन्यजन्तु आरक्ष, सिन्धुलीको युद्ध संग्रहालय, भरत ताल, प्रदेशमा रहेका धार्मिक तथा साँस्कृतिक क्षेत्रको फाईदा लिँदै प्रचुर सम्भावना बोकेको यहाँको पर्यटन क्षेत्रको विकास गर्नु ।
- वर्षेनी श्रम बजारमा प्रवेश गर्ने यहाँका जनशक्तिलाई उचित रोजगारीको अवसर उपलब्ध गराउनुका साथै उत्पादनमुलक काममा लगाउनु ।
- श्रम बजारमा व्याप्त श्रमको अल्प उपयोगलाई सकेसम्म बढी उपयोग हुने वातावरण तयार गर्नुका साथै पूर्वाधार विकास निर्माणका कार्यलाई तीव्रता दिनु, मुलुकको सबै क्षेत्रमा पुग्न सहज यातायात सञ्जालको लाभ लिँदै आर्थिक क्रियाकलापमा वृद्धि गरी प्रदेशलाई आर्थिक रुपले समृद्ध बनाउनु ।
- जानकी मन्दिरलाई विश्व सम्पदा सुचीमा दर्ता गराई सीता माताको माईती घर रहेको प्रचार गरी पर्यटन व्यवसाय वृद्धि गर्नु ।

# परिच्छेद- ३
# कृषि क्षेत्र

## ३.१ प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०७९/८० को अर्ध-वार्षिक अवधिमा मधेश प्रदेशमा प्रमुख कृषि बालीहरूअन्तर्गत खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रफल ३.९३ प्रतिशतले ह्रास आई ८ लाख ३ हजार ७ सय ९४ हेक्टर पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त भू-क्षेत्रफलमा ०.१ प्रतिशतले वृद्धि भएर ८ लाख ३६ हजार ६ सय ४५ हेक्टर रहेको थियो ।

### ३.१.१ खाद्य तथा अन्य बाली

समिक्षा अवधिमा समग्र खाद्य तथा अन्य बालीअन्तर्गत धान, मकै, गहुँ, जौ, कोदो, फापर, आलु, उखु, भटमास, सुर्ती, सनपाट, दलहन, तेलहन आदि बालीले ढाकेको भू-भागमा ३.९३ प्रतिशतले ह्रास भई ८ लाख ३ हजार ७ सय ९४ हेक्टर पुगेको छ । सो अवधिमा धानले ढाकेको क्षेत्रफलमा १.५९ प्रतिशत ह्रास भई ३ लाख ७५ हजार ३ सय ४० हेक्टर, आलुले ढाकेको क्षेत्रफलमा ४७.४५ प्रतिशत ह्रास आई २७ हजार ३ सय ३३ हेक्टर, सुर्तीले ढाकेको क्षेत्रफलमा २३.७५ प्रतिशत ह्रास भई ३०५ हेक्टर पुगेको छ भने मकैले ढाकेको क्षेत्रफलमा ३६.७१ प्रतिशतले वृद्धि, उखु खेतीले ढाकेको क्षेत्रफलमा ३९.४९ प्रतिशतले ह्रास आएको छ । साथै दलहन २५.७ प्रतिशत वृद्धि तथा तेलहनले ढाकेको क्षेत्रफलमा क्रमशः १.७४ प्रतिशतले ह्रास आएको छ । गत आर्थिक वर्षको सोही अवधिमा समग्र खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रफलमा ०.१० प्रतिशतले वृद्धि आएको थियो । समीक्षा अवधिमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, पर्सा, र रौतहट जिल्लामा धान बालीले ढाकेको भू-क्षेत्रमा क्रमशः ०.८२ प्रतिशत, ०.०२ प्रतिशत, ०.१४ प्रतिशत, १३.४४ प्रतिशत, २.२१ प्रतिशत, ०.१८ प्रतिशत, र १.२७ प्रतिशतले ह्रास आएको छ भने बारामा ०.८४ प्रतिशतले बृद्धि आएको देखिन्छ ।

समीक्षा अवधिमा मधेश प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रलाई चार्ट नं. ३.१ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*(स्रोत: अध्ययन क्षेत्रका जिल्ला कृषि ज्ञान केन्द्रहरू)*

### ३.१.२ तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा ५.७२ प्रतिशतले ह्रास भई ५५ हजार ९ सय १२ हेक्टरमा सिमित भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रमा १.०२ प्रतिशतले वृद्धि भई ५९ हजार ३ सय ५ हेकटर पुगेको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रको ह्रास आउनुमा बेमैासमी बर्षाको प्रभावले क्षति हुनु हो । तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्रफलमा महोत्तरी जिल्लामा सबभन्दा बढी १५ हजार हेक्टर अर्थात् कुल मधेश प्रदेशको २६.८२ प्रतिशत र रौतहट जिल्लामा सबभन्दा कम ८ सय हेक्टर अर्थात् कुल मधेश प्रदेशको १.४ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : तरकारी तथा बागवानीले ढाकेको भू-क्षेत्र (हेक्टरमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७८/७९ पुष मसान्त सम्म | आ.व. २०७९/८० पुष मसान्त | (हिस्सा प्रतिशत) आ.व.२०७९/८० पुष मसान्त |
|---|---|---|---|---|
| १ | सप्तरी | १०,५०० | ८,८०० | १५.७३ |
| २ | सिराहा | ७,५६५ | ६,१५० | ११ |
| ३ | धनुषा | ३,५०० | ३,५४० | ६.३३ |
| ४ | महोत्तरी | १३,०५० | १५,००० | २६.८२ |
| ५ | सर्लाही | ११,१०० | १३,०८२ | २३.४ |
| ६ | रौतहट | ५,००० | ८०० | १.४ |
| ७ | बारा | ६,३४० | ६,३४० | ११.३३ |
| ८ | पर्सा | २,२५० | २,२०० | ४ |
|  | जम्मा | ५९,३०५ | ५५,९१२ | १०० |

*(स्रोत: सम्बन्धित जिल्लाका, कृषि ज्ञान केन्द्र)*

### ३.१.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको भू-क्षेत्रफलमा ९.१३ प्रतिशतले ह्रास आई ५० हजार २ सय २३ हेक्टर पुगेको छ । फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल मध्ये आँपले ढाकेको क्षेत्रफलमा ३.१४ प्रतिशत ह्रास आएको देखिन्छ भने केराखेतीले ढाकेको क्षेत्रफलमा १६.१९ प्रतिशत र अन्य फलफूलले ढाकेको क्षेत्रफलमा ४०.९२ प्रतिशतले उल्लेखनीय वृद्धि भएको देखिन्छ भने मसला ( अदुवा, बेसार आदि) ले ढाकेको क्षेत्रफलमा १.२३ प्रतिशतले वृद्धि आएको देखिन्छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको भू-क्षेत्रफलमा १.४१ प्रतिशतले वृद्धि भई ५५ हजार २ सय ७३ हेक्टर पुगेको थियो ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ६.५९ प्रतिशतले बृद्धि आई ४५ लाख ३३ हजार ६ सय ७९ मे.टन पुगेको देखिन्छ । खाद्य बाली अन्तर्गत कुल खेती गरिएको क्षेत्रफलमा ह्रास भएतापनि तरकारी तथा बागवानीको उत्पादनमा किसानहरुको आकर्षण बढ्दै गएको । पर्सा जिल्लामा श्रीराम सुगर मिल्स बन्द हुन गएकोले गत बर्षमा घटेको उखुको उत्पादन समीक्षा अवधिमा नगदे बालीको रुपमा उखु खेतीमा किसानहरुको आकर्षण बढदै गएको । वर्षात् तथा अनुकुल मौसम कारण खाद्य तथा अन्य बालीहरूको

उत्पादनमा बृद्धि भएको । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो बालीको कुल उत्पादनमा ४.१७ प्रतिशतले वृद्धि भएको थियो ।

### ३.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा सबैभन्दा बढी महोत्तरीको हिस्सा १६.७३ प्रतिशत र सबैभन्दा कम सप्तरीको हिस्सा ८.३७ प्रतिशत रहेको छ । त्यसतै तरकारी तथा बागवानी सबै भन्दा बढि सर्लाही जिल्लाको हिस्सा २३.५७ प्रतिशत र सबैभन्दा कम पर्सा जिल्लाको हिस्सा ४.१३ प्रतिशत रहेको छ । फलफूल तथा मसाला सबैभन्दा बढी सप्तरीको हिस्सा ५६.५३ प्रतिशत र बारा जिल्लामा उत्पादन बिहिन रहेको छ । आलुको उत्पादन ११.८४ प्रतिशतले ह्रास भएको छ भने धानको उत्पादन १.६८ प्रतिशत, उखुको उत्पादन १८.८८ प्रतिशतले वृद्धि आएको छ । हिउँदे बर्षा नभएको र आंशिक रुपमा मात्र तथ्याङ्क प्राप्त भएको कारणले दलहन र आलु बालीको उत्पादनमा ह्रास आएको हो भने उखु नगदे बाली भएकोले किसान उखु खेतितर्फ अर्कषण बढेको छ ।

गत आर्थिक वर्षको सोही अवधिमा धानको उत्पादनमा १.१२ प्रतिशत वृद्धि तथा उखुको उत्पादनमा १२.२६ प्रतिशतले ह्रास आएको भए पनि दलहन, तथा तेलहन उत्पादनमा क्रमशः ३ प्रतिशत, र १७ प्रतिशतले वृद्धि भएको थियो । मधेश प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन सम्बन्धी विवरण तालिका ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२ : मधेश प्रदेशका विभिन्न जिल्लामा कृषि बालीको उत्पादन (मे.टनमा)**

| | | आ.व. २०७९/८० पुष मसान्त | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **जिल्ला** | **खाद्य तथा अन्य बाली** | **हिस्सा %** | **तरकारी तथा बागबानी** | **हिस्सा %** | **फलफूल तथा मसला** | **हिस्सा %** |
| १ | सप्तरी | ३,११,४९७ | ८.३७ | १,०५,६०० | ११ | १,६७,१३८ | ५६.५३ |
| २ | सिराहा | ३,१७,५६९ | ८.५३ | ७३,८०० | ७.६९ | ८,२८० | २.८० |
| ३ | धनुषा | ४,९८,५१७ | १३.४० | ९३,५४० | ९.७५ | ७.२४५ | २.४५ |
| ४ | महोत्तरी | ६,२२,६७० | १६.७३ | २,१०,००० | २१.८८ | ४,८०० | १.६२ |
| ५ | सर्लाही | ४,५६,४२० | १२.२७ | २,२६,३०० | २३.५७ | २२,५१५ | ७.६१ |
| ६ | रौतहट | ५,३३,६३२ | १४.३४ | १,११,५०३ | ११.६१ | ६७,५६८ | २२.८५ |
| ७ | बारा | ५,१५,२२१ | १३.८४ | ९९५३८ | १०.३७ | | |
| ८ | पर्सा | ४,६४,७६४ | १२.४९ | ३९६०० | ४.१३ | ८५० | ०.२९ |
| | **जम्मा** | **३७,२०,२९०** | **१००** | **९,५९,८८१** | **१००** | **२,९५,६१८** | **१००.००** |

*(स्रोत: सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )*

### ३.२.२ तरकारी तथा बागवानी

मधेश प्रदेशमा समीक्षा अवधिमा तरकारी तथा बागवानीको उत्पादन १६.८७ प्रतिशतले वृद्धि भई ९ लाख ५९ हजार ८ सय ८१ मे. टन पुगेको छ । उत्पादित तरकारीमध्ये सबैभन्दा बढी सर्लाही जिल्लामा २ लाख २६ हजार ३ सय मे. टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको २३.५७ प्रतिशत उत्पादन भएको छ भने पर्सा जिल्लामा सबैभन्दा कम ३९ हजार ६ सय मे.टन अर्थात् कुल मधेश प्रदेशमा उत्पादित तरकारीको ४.१३ प्रतिशत उत्पादन भएको छ । गत वर्ष सोही अवधिमा तरकारी तथा बागवानीको

उत्पादन ०.७५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानी उत्पादन बढनुको मुख्य कारण सर्लाही तथा महोत्तरी जिल्लाका किसानहरु तरकारी बालीमा आर्कषण बढनु नै हो । यस सम्बन्धी विवरण तालिका नं. ३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२: मधेश प्रदेशमा तरकारी तथा बागवानी उत्पादन (मे.टनमा)**

| क्र.सं. | जिल्ला | आ.व. २०७८/७९ पुष मसान्त | आ.व. २०७९/८० पुष मसान्त | हिस्सा (प्रतिशत) आ.व. २०७९/८० पुष मसान्त |
|---|---|---|---|---|
| १ | **सप्तरी** | १,१९,२५० | १,०५,६०० | ११ |
| २ | **सिराहा** | ८७,६७८ | ७३,८०० | ७.६९ |
| ३ | **धनुषा** | ९२,९४३ | ९३,५४० | ९.७५ |
| ४ | **महोत्तरी** | १,२८,५१५ | २,१०,००० | २१.८८ |
| ५ | **सर्लाही** | १,३३,३१२ | २,२६,३०० | २३.५७ |
| ६ | **रौतहट** | ६१,८१३ | १,११,५०३ | ११.६१ |
| ७ | **बारा** | १,५९,०८८ | ९९,५३८ | १०.३७ |
| ८ | **पर्सा** | ४०,००० | ३९,६०० | ४.१३ |
| | **जम्मा** | **८,२२,५९९** | **९,५९,८८१** | **१००** |

*(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र )*

### ३.२.३ फलफूल तथा मसला

समीक्षा अवधिमा फलफूल तथा मसलाको उत्पादनमा १०.३६ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उत्पादनमा १.३७ प्रतिशतले वृद्धि आएको थियो । समीक्षा अवधिमा फलफूलको उत्पादन मध्ये मसला उत्पादनमा १३.०२ प्रतिशतले ह्रास आएको छ भने आँप, केरा तथा अन्य फलफूलको उत्पादनमा केराको उत्पादनमा उलेखनीय वृद्धि भएको छ भने आँप र अन्य फलफूलको उत्पादन घटेको छ । समीक्षा अवधिमा केरा उत्पादनमा वृद्धि हुनुमा विगत केही वर्ष अघिदेखि केरा खेती तर्फ किसानहरूको आकर्षण बढ्दै गएकोले खेती गरिएको र असीना तथा हावाहुरी जस्ता प्रतिकूल मौसमका कारण आँपको उत्पादनमा ह्रास आएको हो ।

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

### ३.३.१ पशुपन्छीजन्य उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा दूधको उत्पादन ५.७० प्रतिशतले वृद्धि भई ३ लाख ३८ हजार ७ सय ५७ लिटर, मासुको उत्पादन १४.९७ प्रतिशत वृद्धि भई ८३ हजार १ सय ५७ मे.टन, अण्डाको उत्पादन ९.७५ प्रतिशतले वृद्धि भई ५ करोड ९१ लाख ४४ हजार, छालाको उत्पादनमा ०.२५ प्रतिशतले वृद्धि भई ९३ लाख ७७ हजार वर्ग मिटर र ऊन उत्पादनमा ११.७७ प्रतिशतले वृद्धि भई ३ हजार ७७ के.जी. पुगेको छ । यसरी अण्डा उत्पादनमा उल्लेखनीय रुपमा वृद्धि हुनुमा पशुबालिमा आकर्षण बढ्दै गएको । गत अवधिमा दूधको उत्पादनमा ४.०८ प्रतिशतले, मासुको उत्पादन ४५.६० प्रतिशत र अण्डाको उत्पादन ७.५६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कुल दूध उत्पादन मध्ये पर्सा जिल्लाको हिस्सा सबैभन्दा बढी ३५.८६ प्रतिशत रहेको छ भने रौतहट जिल्लाको हिस्सा सबैभन्दा कम २.४६ प्रतिशत रहेको छ । पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.३ : मधेश प्रदेशको पशुपंक्षीजन्य उत्पादन | | | | | | |
|---|---|---|---|---|---|---|
| **जिल्ला** | दूध (लि.हजारमा) | | मासु (मे.टनमा) | | अण्डा (गोटा हजारमा) | |
| | **आ.व. २०७८/७९ पुष मसान्त** | **आ.व. २०७९/८० पुष मसान्त** | **आ.व. २०७८/७९ पुष मसान्त** | **आ.व. २०७९/८० पुष मसान्त** | **आ.व. २०७८/७९ पुष मसान्त** | **आ.व. २०७९/८० पुष मसान्त** |
| **सप्तरी** | २०,३१८ | २०,७२४ | ५,६०१ | ५,६२१ | १७,४७४ | १७,७८२ |
| **सिराहा** | ६३,२४५ | ६४.८२६ | ६,७३० | ६,९०९ | ४,१९५ | ४,२९७ |
| **धनुषा** | २०,५३४ | २०,३०९ | १,९३३ | २,००४ | १,०६५ | १,१०९ |
| **महोत्तरी** | २०,९४८ | २१,९९५ | ८,८९९ | ९,३६५ | ५,७४१ | ४,२८७ |
| **सर्लाही** | ४०,१४५ | ४१,१४८ | ८,८८२ | ९,१३६ | ४,१८१ | ४,३६९ |
| **रौतहट** | ८,३६४ | ८,६५६ | १,५८९ | ६,८९२ | ४,४४५ | १,८७० |
| **बारा** | ३८,५९६ | ३९,६११ | ६,६१४ | ६,६७१ | ९,६५७ | १०,२२५ |
| **पर्सा** | १२०,४८८ | १२१,४८८ | ३६,०९७ | ३६,५५९ | १५,२०४ | १५,२०५ |
| **जम्मा** | **३३२,६३८** | **३,३८,७५७** | **७२,३३३** | **८३,१५७** | **५३,८८७** | **५९,१४४** |

*(स्रोत : सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र)*

### ३.३.२ माछा उत्पादन :

समीक्षा अवधिमा मधेश प्रदेशमा माछाको उत्पादन ८.८० प्रतिशतले वृद्धि भई २६ हजार ३ सय ७५ मे. टन पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ५.४९ प्रतिशतले वृद्धि भई २४ हजार २ सय ४१ मे. टन रहेको थियो । समीक्षा अवधिमा सबैभन्दा बढी माछा उत्पादन सिरहा जिल्लामा भएको देखिन्छ जहाँ मधेश प्रदेशको कुल माछा उत्पादनको २१.१५ प्रतिशत तथा सबैभन्दा कम पर्सा जिल्लामा मधेश प्रदेशको कुल माछा उत्पादनको ६.९३ प्रतिशत रहेको छ । माछा उत्पादन सम्बन्धी विवरण तालिका नं. ३.४ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.४ : मधेश प्रदेशमा माछा उत्पादन स्थिति (मे.टनमा) | | | |
|---|---|---|---|
| **क्र.सं.** | **जिल्ला** | **आ.व. २०७८/७९ पुस मसान्त** | **आ.व. २०७९/८० पुस मसान्त** |
| १ | **सप्तरी** | १,६०० | १.६५० |
| २ | **सिराहा** | ६,००० | ६,२५० |
| ३ | **धनुषा** | ३,४९७ | ३,५४८ |
| ४ | **महोत्तरी** | २,२६० | २,३५० |
| ५ | **सर्लाही** | २,५८९ | २,७१८ |
| ६ | **रौतहट** | २,५४० | १,९८२ |
| ७ | **बारा** | ४,३३४ | ४,४७६ |
| ८ | **पर्सा** | १,४२० | ३,४०१ |
| | **जम्मा** | **२४,२४१** | **२६,३७५** |

*(स्रोत : सम्बन्धित जिल्लाका भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र)*

### ३.३.३ वनजन्य उत्पादन :


समीक्षा अवधिमा मधेश प्रदेशमा दाउरा उत्पादनमा ४.७४ प्रतिशते वृद्धि भएको छ भने काठको उत्पादनमा ४.८६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा काठको उत्पादनमा वृद्धि हुनुमा पूर्व पश्चिम राजमार्ग विस्तारको क्रममा सडक किनारमा काटिएका विभिन्न जातका रुखका काठ बजारमा बिक्री वितरण गरिएको कारण हो ।

## ३.४ सिँचाई तथा मौसम

समीक्षा अवधिमा मधेश प्रदेशको कुल सिञ्चित क्षेत्रफल ०.५५ प्रतिशतले वृद्धि भई ३ लाख २३ हजार ५ सय ६४ हेक्टर पुगेको छ । कुल सिञ्चित क्षेत्रफल मध्ये कुलोद्वारा सिञ्चित क्षेत्रफलमा १.२४ प्रतिशतले वृद्धि भई १ लाख ७ हजार ७ सय ११ हेक्टर, नहरद्वारा सिञ्चित क्षेत्रफलमा ०.२६ प्रतिशतले वृद्धि भई १ लाख ६२ हजार ६ सय ३४ हेक्टर र बोरिङद्वारा सिञ्चित क्षेत्रफल ४५ हजार ७ सय ९१ हेक्टर पुगेको छ ।

गत वर्षको सोही अवधिमा समग्र सिञ्चित क्षेत्रफल ०.९३ प्रतिशतले वृद्धि भएको थियो । सो अवधिमा नहरद्वारा सिंचित क्षेत्रफलमा ०.३२ प्रतिशतले, पोखरीद्वारा सिञ्चित क्षेत्रफलमा ०.६७ प्रतिशतले ह्रास भएको थियो । मधेश प्रदेशमा सिञ्चित भूमिको क्षेत्रफल सम्बन्धी विवरण चार्ट ३.२ मा प्रस्तुत गरिएको छ ।

**चार्ट ३.२: सिञ्चित भूमिको क्षेत्रफल (हेक्टरमा)**




*(स्रोत: जिल्ला स्थित जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय)*

## ३.५. क्षेत्रगत कृषि कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कर्जा १२.१२ प्रतिशतले वृद्धि भई रु.५६ अर्ब ७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.५० अर्ब १ करोड रहेको थियो । यस प्रदेशमा प्रवाह भएको कुल कर्जा मध्ये कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १२.३८ प्रतिशत रहेको छ । मधेश प्रदेशमा प्रवाहित कुल कृषि कर्जा मध्ये सबै भन्दा बढी कर्जा प्रवाह सर्लाही जिल्लामा १५.४८ प्रतिशत रहेको छ भने सबै भन्दा कम कर्जा प्रवाह सप्तरी जिल्लामा ७.१३ प्रतिशत रहेको छ । यस सम्बन्धी विवरण तालिका नं. ३.५ मा प्रस्तुत गरएको छ ।

| तालिका ३.५ : मधेश प्रदेशमा प्रवाहित कृषि कर्जा (रु.करोडमा) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | कृषि कर्जा (रु करोडमा) | हिस्सा (प्रतिशत) |
| १ | सप्तरी | ४,०० | ७.१३ |
| २ | सिराहा | ८,२९ | १४.७९ |
| ३ | धनुषा | ७,९० | १४.१ |
| ४ | महोत्तरी | ५,५४ | ९.९० |
| ५ | सर्लाही | ८,६८ | १५.४८ |
| ६ | रौतहट | ६,०९ | १०.८६ |
| ७ | बारा | ६,८९ | १२.२८ |
| ८ | पर्सा | ८,६७ | १५.४६ |
| | **जम्मा** | **५६,०७** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक)*

### ३.६ सहुलियतपूर्ण कर्जा

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा प्रवाह भएको सहुलियतपूर्ण कर्जा रु. ११ अर्ब ७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा रु.४४ अर्ब ६८ करोड रहेको थियो । गत वर्षको सोही अवधिको र समीक्षा अवधिको सहुलियतपूर्ण कर्जा प्रवाहमा ठूलो फरक हुनुमा सहुलियतपूर्ण कर्जाको हालको विद्यमान व्यवस्थालाई आधारको रुपमा लिन सकिन्छ । प्रवाहित कुल कर्जा मध्ये सबैभन्दा बढी रु.२ अर्ब ९३ करोड अर्थात् २६.५३ प्रतिशत सर्लाही जिल्लामा र सबैभन्दा कम रु.३८ करोड अर्थात् ३.४७ प्रतिशत सप्तरी जिल्लामा रहेको छ। मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा सम्बन्धी विवरण तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ ।

| तालिका ३.६ : मधेश प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | सहुलियतपूर्ण कर्जा (रु.करोडमा) | हिस्सा (प्रतिशत) |
| १ | पर्सा | १२६ | ११.४१ |
| २ | बारा | १५० | १३.५८ |
| ३ | रौतहट | ८० | ७.३० |
| ४ | सर्लाही | २९३ | २६.५३ |
| ५ | महोत्तरी | ७३ | ६.६४ |
| ६ | धनुषा | १६८ | १५.२३ |
| ७ | सिराहा | १७५ | १५.८४ |
| ८ | सप्तरी | ३८ | ३.४७ |
| | **जम्मा** | **११,०७** | **१००.००** |

*(स्रोत : नेपाल राष्ट्र बैंक)*

## उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुर, सर्लाही:

उष्ण तथा उपोष्ण प्रदेशीय फलफूल र तरकारी बालीहरुको उच्च गुणस्तरयुक्त बिरुवा एंव बीउ उत्पादन गरी माग आपूर्ति गर्न वि.सं.२०२९ साल असार १२ गते वृहत् बागवानी केन्द्रको रुपमा यस केन्द्रका विधिवत स्थापना भएको हो । मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-१ मा अवस्थित यस केन्द्र उष्ण तथा न्यानो समशितोष्ण फलफूल,तरकारी तथा आलङ्कारिक बोटहरुको उच्च गुणस्तरीय बीउ एंव बिरुवाको उत्पादन गरी आपूर्ति गर्ने र सो बालीहरुको उपयुक्त जात र खेती प्रविधिको खोजी एंव विकास गरी कृषक समक्ष पुर्याई उनीहरुको जिवनस्तर माथि उकासने मुख्य उदेश्यका साथ स्थापना भएको हो ।

यस केन्द्रमा भारत, पाकिस्तान, अमेरीका, थाइल्याण्ड लगायत नेपालका विभिन्न सरकारी तथा निजी फार्म केन्द्रहरुबाट विभिन्न फलफूल, तरकारी एंव आलङ्कारिक बोटबिरुवाका बीउ एंव बिरुवा ल्याई जातीय संरक्षण तथा सम्बर्धन गरेको छ । जस अनुसार आँपमा आम्रपाली, मल्लिका, निलम सहित ३५ जात, लिचीमा ९ जात, अम्बामा ६ जात केलामा ५ जात, एभोकाडोमा ५ जात, नरिवलमा २ जात, रुखकटहरमा ३ जातका साथै सपोटा, काठे बदाम, मेकाडेमियानट, सुपारी, बडहर, अनार ,बयर,इमली आदि तथा तरकारी बाली तर्फ गोलभेंडामा ५ जात, आलुमा ७ जात भण्टामा ३ जात, काउलीमा २ जात , मूलामा २ जातका साथै रामतोरिया, लौका,काँक्रा, फर्सी, घिरौला, बोडी आदि र आलङ्कारिक बोटतर्फ गुलाबमा ७७ जात, बोगेनबेलीयामा २४ जात, क्रोटनमा २५ जात, पाममा ७ जात र रबर प्लान्टमा ३ जातका साथै मालती, धूपी, अशोक, गुनकेशरी, रुद्राक्ष र सुगन्ध कोकीला जस्ता अनेको बोटबिरुवाहरुको माउबोटहरु लगाई तिनका जातीय संरक्षण, सम्बर्धन गरी उपयुक्त जातहरुको बीउ, बेर्नी, बिरुवा उत्पादन गरी कृषक स्तरमा बिक्री बितरण गरिन्छ ।

उष्ण प्रदेशिय बागवानी केन्द्रमा जम्मा ९३ जना कर्मचारी रहेका छन् । जसमा स्थायी, करार, दैनिक ज्यालादारीकारुपमा कार्य गर्ने कामदारहरु रहेका छन् । यस आर्थिक वर्षको ६ महिनाको अवधिमा फलफूल बिरुवा ८३,४९०, आलङ्कारिक बिरुवा ११००० र तरकारी बिउ ३१६ किलो उत्पादन गरेका छन् । सोही अवधिमा उपरोक्त संस्थाले रु. १५ लाख ६६ हजार आम्दानी गरेका छन् ।

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

मधेश प्रदेशमा भौगोलिक सुगमता, खेतीयोग्य जमिनको प्रचुरता र यातायात तथा ढुवानीको लागि सहजता हुँदाहुँदै पनि यहाँको कृषि क्षेत्रमा देहाय बमोजिम चुनौतीहरू रहेका छन् :

- कृषिलाई प्रविधिमैत्री, व्यवसायिक, उच्च प्रतिफलदायी एवम् मर्यादित पेशाको रुपमा रुपान्तरण गरी युवा जनशक्तिलाई श्रम, सीप, तथा पुँजी सहित यो क्षेत्रमा आकर्षित गर्नु र आर्थिक आत्मनिर्भरता बढाउनु ।
- सामूहिक वा सहकारी कृषि प्रणाली अवलम्बन गरी सम्पूर्ण कृषियोग्य जग्गालाई उपयोगमा ल्याई उत्पादन अभिवृद्धि गरी तरकारी तथा खाद्यबालीमा आत्मनिर्भर बन्दै कृषिबाट जनताको जीवनस्तर उकास्नु ।
- कृषि तथा पशु क्षेत्रमा हुन सक्ने जोखिमलाई न्यूनीकरण  गर्न कृषि तथा पशु सेवा बिमा लागू गर्नु ।
- कृषि योग्य भूमिमा सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन निर्माणाधीन सिँचाई आयोजना तोकिएको समयमा सम्पन्न गर्नु ।
- समयमा नै कृषकहरूलाई आवश्यक परिमाणमा मलखाद तथा बिउबीजन उपलब्ध हुने सुनिश्चितता गर्नु ।
- कृषकहरूको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अनुसार मधेश प्रदेशका धनुषा तथा बारा जिल्ला माछापालनका लागि सुपर जोनको रुपमा रहेकोमा यी क्षेत्रहरूमा दीगो कार्यक्रमहरू ल्याई उत्पादनशीलता बढाई कायम राख्न र बजार विस्तारका लागि अध्ययन अनुसन्धान तथा थप कार्यहरू गर्नको साथै सहुलियतहरू उपलब्ध गराउनु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका सिराहा, धनुषा र सर्लाही जिल्लाहरू धानको जोन क्षेत्रको रुपमा स्थापना भएकोमा सो अनुरुप उत्पादन तथा उत्पादकत्व बढाई दीगोपना कायम राख्नु ।
- रौतहट जिल्ला धानको बिउ जोनको रुपमा स्थापना भई कार्यक्रम अघि बढेको र नेपाल सरकारले धानको ११६ प्रजातिका बीउ स्थानीय माटोको उर्वरताका दृष्टिले प्रभावकारी हुने भनी सिफारिस गरेको भएपनि भारतबाट कमसल प्रकारका बीउको अनधिकृत आयात कायमै रहेकोले भारतबाट आयात हुने बिउलाई निरुत्साहन गर्दै बिउबिजन उपलब्ध गराउनुका साथै यसको प्रयोगलाई अभिवृद्धि गर्नु ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अनुसार मधेश प्रदेशका महोत्तरी, रौतहट र पर्सा जिल्लाहरू तरकारी जोनको रुपमा आर्थिक वर्ष २०७३/७४ मा नै स्थापित भइसकेको भए पनि जनकपुर लगायत ठूला बजार क्षेत्रमा भारतबाट आयातित तरकारीहरूकै दवदवा रहेकाले कार्यक्रम बमोजिम तरकारी खेती गरी तरकारीमा आत्मनिर्भर हुनु ।
- तुलनात्मक लाभका आधारमा छनौट गरिएका क्षेत्र र बालीहरूको लागि एकीकृत रुपमा सघन कृषि कार्यक्रमहरू सञ्चालन गरी कृषिको व्यावसायिकरण मार्फत औद्योगीकरणको आधार खडा गर्नु ।

### ३.७.२ सम्भावना

मधेश प्रदेशको कृषि क्षेत्रमा माथि उल्लेख भए बमोजिम चुनौतीहरू हुँदा हुँदै पनि देहाय बमोजिम अवसरहरू पनि रहेका छन् :

- मधेश प्रदेशमा सबभन्दा बढी जनसंख्या रहेको र यहाँ श्रम आपूर्ति सहज हुने हुँदा तरकारी, फलफूल, माछा, मासु जस्ता कृषिजन्य वस्तुको व्यावसायिक उत्पादनको साथै खपतको लागी बजारको पनि उच्च सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा समतल उर्वर भूमिको प्रचुरता रहेकोले सिञ्चित भूमिको क्षेत्रफल विस्तारमार्फत खाद्यान्न तथा अन्य बाली र तरकारी उत्पादनलाई पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेश समतल भूमिमा रहेकाले सतह र भूमिगत जलस्रोत प्रयोग गर्न सकिने देखिएकोले सिँचाईको विकास र विस्तार गरी खाद्य बाली, माछापालन तथा फलफूलका नयाँ नयाँ जातहरूको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले यहाँ उपलब्ध श्रमशक्ति प्रयोग गरी यी जग्गाहरू कृषि उत्पादनमा प्रयोग गर्न सक्ने पर्याप्त सम्भावना रहेको छ ।
- मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि विदेश जाने युवाहरूको संख्या धेरै रहेकोले पुँजी, प्रेरणा, आत्मविश्वास र उन्नत प्रविधि सम्बन्धी ज्ञान सहित विदेशबाट फर्किएका युवालाई कृषि व्यवसायमा आकर्षित गरी उत्पादकत्व र रोजगारी वृद्धि गर्न सक्ने सम्भावना रहेको छ ।
- मधेश प्रदेशमा उर्वर तथा समथर भूमि रहेकोले प्रशस्त घाँस खेती समेत लगाउन सकिने भएकोले पशुपालनको माध्यमबाट मासु तथा दुधजन्य पदार्थको उत्पादन बढाई राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा योगदान पुऱ्याउन सकिने प्रचुर सम्भावना रहेको छ ।
- माछापालनमा मुलुककै प्रमुख १० वटा जिल्लाहरू मध्ये मधेश प्रदेशका प्राय सबै जिल्लाहरू अग्रस्थानमा रहेकोले आधुनिक प्रविधि प्रयोग गरी माछाको उत्पादन बढाउन सके यहाँ उत्पादित माछाले मुलुकलाई आत्मनिर्भर बनाउनको साथै विदेश निकासी गरी वैदेशिक व्यापार र विदेशी मुद्रा आर्जनमा समेत सघाउ पुऱ्याउन सक्ने सम्भावना देखिन्छ ।

# परिच्छेद - ४
# उद्योग क्षेत्र

## ४.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन

समीक्षा अवधिमा मधेश प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगहरूको क्षमता उपयोग औसतमा (Average Capacity Utilization) ३७ प्रतिशत रहेको छ भने गत वर्षको सोही अवधिमा औसत क्षमता उपयोग ४९.९२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा उद्योगहरूको औसत क्षमता उपयोगमा ह्रास आउनुमा कच्चा पदार्थको अभाव तथा मूल्य अभिवृद्धिको करणले गर्दा स्थानिय बस्तुको माग भन्दा आयातित बस्तुको माग बढी भई उद्योगहरूको क्षमता उपयोगमा कमी आएको कारण देखिन्छ । समीक्षा अवधिमा मदिरा उद्योगले सबैभन्दा बढी ९६.३२ प्रतिशत क्षमता उपयोग गरेको देखिन्छ भने वनस्पती घीउ उद्योगको क्षमता उपयोग सबैभन्दा कम ३.८५ प्रतिशत रहेको देखिन्छ । वनस्पति घिउ उद्योगको क्षमता अति न्यून रहनुमा हालका दिनहरूमा वनस्पति घिउको गार्हस्थ्य तथा औद्योगिक प्रयोग कम हुँदै जानु र यसको विकल्पमा भटमासको तेल तथा पाल्म तेलको प्रयोग बढ्दै गएकाले यसको बजार माग घट्दै जाँदा उत्पादन कार्य पनि विस्तारै घट्दै जानु प्रमुख कारणहरू रहेको देखिन्छ ।

समीक्षा अवधिमा फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ६४.१३ प्रतिशत, हल्का पेय पदार्थ उद्योगको क्षमता उपयोग ३७.२३ प्रतिशत, गहुँको पिठो उद्योगको क्षमता उपयोग ९१.६९ प्रतिशत, भटमासको तेल उद्योगको क्षमता उपयोग २८.६३ प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ६३.४३ प्रतिशत, आल्मुनियम उत्पादन उद्योगको क्षमता उपयोग ७१.२५ प्रतिशत, Chemical Liquid पदार्थ उद्योगको क्षमता उपयोग १६.९१ प्रतिशत, सिमेण्ट उद्योगको क्षमता उपयोग शुन्य प्रतिशत पुरानो स्टकनै बाँकी रहेकोले, घरेलु धातुका सामान उद्योगको क्षमता उपयोग ७१.२५ प्रतिशत रहेको छ भने लत्ता कपडा अन्तर्गतको सिन्थेटिक कपडा, अन्न तथा पशु दाना अन्तर्गत पशुदाना, स्टिलजन्य उत्पादन, चामल, धागो, चुरोट, तोरीको तेल, चिनी, प्रशोधित छाला, कागज (अखबारी कागज बाहेक), ड्राई सिरप र वनस्पती घिउ उद्योगको क्षमता उपयोग क्रमशः ६.६५ प्रतिशत, ३७.८७ प्रतिशत, १३.९० प्रतिशत, ३५.१७ प्रतिशत, २६.७३ प्रतिशत, ११.१९ प्रतिशत, ७८.०३ प्रतिशत, २०.०९ प्रतिशत, १९.३९ प्रतिशत, ४.६० प्रतिशत र ३.८५ प्रतिशत रहेको छ ।

गत वर्षको सोही अवधिमा मधेश प्रदेशका प्रमुख उद्योगहरूमा सिमेन्ट उद्योगको क्षमता उपयोग ९८.३० प्रतिशत, फलामको छड तथा पत्ति उद्योगको क्षमता उपयोग ८९.७० प्रतिशत, साबुन उद्योगको क्षमता उपयोग ७२.६० प्रतिशत, वनस्पति घिउ तथा तेल उद्योगको क्षमता उपयोग ६१.५७ प्रतिशत, अन्न तथा पशुदाना उद्योगको क्षमता उपयोग ९९ प्रतिशत, चुरोट उद्योगको क्षमता उपयोग ४३.५९ प्रतिशत रहेको थियो भने प्रशोधित छाला, चिनी, कागज र ड्राई सिरप उद्योगको क्षमता उपयोग क्रमशः २०.०८ प्रतिशत, २१.७३ प्रतिशत, ८.५४ प्रतिशत र ७.१३ प्रतिशत रहेको थियो ।

## ४.२ समग्र औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा १.५० प्रतिशतले वृद्धि भई रु.१ खर्ब १४ अर्ब २ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा रु.१ खर्ब १२ अर्ब ३४ करोड रहेको थियो । समीक्षा अवधिमा मधेश प्रदेशमा औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा मध्ये सबैभन्दा बढी कर्जा पर्सा जिल्लामा ५९.९७ प्रतिशत र सबै भन्दा कम सप्तरी जिल्लामा २.३२ प्रतिशत रहेको छ । मधेश प्रदेशमा सब भन्दा धेरै उद्योगहरू पर्सा जिल्लामा रहेकोले सबभन्दा बढी औद्योगिक कर्जा प्रवाह उक्त जिल्लामा भएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

| तालिका ४.१ जिल्लागत उद्योग क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | | | |
|---|---|---|---|
| **क.सं.** | जिल्ला | कर्जा रकम | हिस्सा (प्रतिशत) |
| १ | सप्तरी | २,६५ | २.३२ |
| २ | सिराहा | ७,७३ | ६.६८ |
| ३ | धनुषा | ११,२७ | ९.९० |
| ४ | महोत्तरी | ५,३५ | ४.७० |
| ५ | सर्लाही | ६,५३ | ५.७२ |
| ६ | रौतहट | ५,७८ | ५.०७ |
| ७ | बारा | ६,४२ | ५.६२ |
| ८ | पर्सा | ६८,३९ | ५९.९७ |
| | **जम्मा** | **१,१४,०२** | **१००** |


*(स्रोतः- नेपाल राष्ट्र बैंक)*

### ४.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशमा औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा रु. १ खर्ब १४ अर्ब २ करोड मध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५३.०१ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ २८.९८ प्रतिशत, निर्माण उद्योगतर्फ ७.११ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स तथा धातुका सामान उत्पादन तर्फ ५.३५ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगतर्फ ३.९८ प्रतिशत र खानी उद्योगतर्फ १.५७ प्रतिशत कर्जा प्रवाह भएको छ । समग्रमा गत आर्थिक बर्षको सोहि अबधिको तुलनामा औधोगिक कर्जा १.५० प्रतिशतले वृद्धि भएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा निर्माण उद्योग तर्फको कर्जामा ५० प्रतिशत र धातुका उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स उत्पादन तर्फ २१ प्रतिशतले ह्रास आएको छ भने विद्युत् ग्याँस तथा पानी तर्फको कर्जामा ९०.९ प्रतिशत, खानी सम्बन्धी उद्योगमा ४३ प्रतिशत, गैर-खाद्यवस्तु उत्पादनतर्फको कर्जामा ४ प्रतिशतले वृद्धि भएको छ। त्यसै गरी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी कर्जा प्रवाह गत वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा १५ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब ०४ करोड पुगेको छ। यस सम्बन्धी विवरण चार्ट नं. ४.१ मा प्रस्तुत गरिएको छ।

चार्ट ४.१ : औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




*(स्रोत : नेपाल राष्ट्र बैंक )*

## ४.४ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशका सम्पूर्ण भू-भाग समतल भागमा रहेकोले ढुवानी लगायत सबै यातायातको सहजता रहेको छ । साथै दक्षिण तर्फको सीमा भारतसँग जोडिएकाले निकासी बजारको समेत अवसर छ । तसर्थ, यस प्रदेशमा उद्योग स्थापना गरी सञ्चालन गर्न र उत्पादित सामान विदेश निकासी गर्न र देशै भर पुऱ्याउन तुलनात्मक लाभ रहेको देखिन्छ । यस्तो अवस्था हुँदा हुँदै पनि यस प्रदेशमा औद्योगिक क्षेत्रसँग सम्बन्धित देहाय बमोजिम चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ४.४.१ चुनौती

- स्वदेशी एवम् स्थानीय कच्चा पदार्थ उत्पादन बढाउँदै सो मा आधारित उद्योग स्थापनामा जोड दिई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धन गर्नु ।
- ऋणको ब्याज, श्रमिक, उर्जा तथा कच्चा पदार्थको कारण बढ्ने औद्योगिक उत्पादन लागत न्यून गर्दै औद्योगिक वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।
- मधेश प्रदेशमा रहेका औद्योगिक क्षेत्रमा विद्युत आपूर्ती व्यवस्थामा सुधार ल्याई निरन्तर उर्जा आपूर्ति मार्फत् उद्योग सञ्चालनको वातावरण बनाउनु ।
- बजार, श्रमशक्ति लगायत भौगोलिक रुपले औद्योगिक विकासको सम्भावना बोकेको स्थानहरूमा औद्योगिक जोनको विकास गर्नु ।
- औद्योगिक क्षेत्रमा पटक पटक श्रमिक र व्यवस्थापन बिच देखा पर्ने श्रम सम्वन्धमा सुधार गर्ने तथा सीप र क्षमता भएका दक्ष जनशक्तिको आपूर्ति गरी उत्पादकत्व बढाउनु ।
- जमिनको मूल्य अत्यधिक वृद्धि भएका कारण नयाँ उद्योग स्थापना गर्न आवश्यक जमिन उपलब्धताको लागि उचित वातावरण तयार गर्नु ।
- प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरू पचास प्रतिशतभन्दा कम क्षमतामा सञ्चालित रहेकाले सोको कारण पत्ता लगाई बढी क्षमतामा सञ्चालन हुने वातावरण तयार गर्नु । श्रमिक, उर्जा तथा बजार जस्ता कारणहरूले उत्पादन अवरुद्ध हुने अवस्था अन्त्य गर्दै वर्षै भरि उद्योग चल्ने वातावरण बनाई कच्चा पदार्थको नोक्सानी घटाउनु तथा उत्पादनको लागत घटाउनु ।

- प्रदेशको प्रमुख कृषि उत्पादनको रुपमा रहेको उखु किसान तथा चिनी उद्योगीहरूको बीचमा हुने असमझदारीको अवस्था अन्त्य गरी उखु किसान र चिनी उद्योगसँग सम्बन्धित समस्याको दीर्घकालीन समाधान गरी देशलाई चिनी उत्पादनमा आत्मनिर्भर तुल्याउनु ।

### ४.४.२ सम्भावना

- मधेश प्रदेशमा प्रसिद्ध धार्मिक तीर्थस्थलहरू रहेकोले परम्परागत सीपमा आधारित धार्मिक सांस्कृतिक महत्वका वस्तुहरूमा आधारित उद्योगहरूलाई प्रवर्द्धन गरी स्थानीय जनताको आय आर्जन बढाउने तथा राजस्व परिचालनको आधार फराकिलो बनाउन सक्ने देखिन्छ ।

- मुलुकको सबभन्दा बढी जनघनत्व र बढी जनसंख्या भएको प्रदेश भएकोले सस्तो श्रम आपूर्ति हुने हुँदा मधेश प्रदेशमा उद्योगहरू स्थापना गरी उत्पादन बढाएमा उत्पादित वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढ्न सक्ने देखिन्छ ।

- मधेश प्रदेशको सम्पूर्ण दक्षिणी सीमा भारतसँग खुला जोडिएकोले भारतबाट आयात हुने औद्योगिक कच्चा पदार्थको ढुवानी सस्तो हुने भएकोले दक्षतापूर्वक कम लागतमा वस्तु उत्पादन गर्न सके भारत निकासी गर्न सक्ने सम्भावना देखिन्छ ।

- मधेश प्रदेशमा पूर्व-पश्चिम राजमार्ग र सो मार्गबाट उत्तर दक्षिण जोडने फराकीला सडक लगायत संघीय राजधानी काठमाडौ तथा पहाडी जिल्लाहरू जोड्ने सडक सञ्जाल रहेकोले यहाँ दूध, माछा, मासु, अन्न जस्ता कृषिमा आधारित उद्योगहरू स्थापना गर्न सके यी उद्योगहरूबाट उत्पादित वस्तुहरू देशभरि नै पु¥याउन सक्ने प्रचुर सम्भावना देखिन्छ ।

- मधेश प्रदेशमा उद्योग स्थापनाका लागि उपयुक्त धरातलीय स्वरुप रहेको कारण यहाँ उद्योग कलकारखानाहरूको स्थापना गर्नसके वर्षेनी थपिने लाखौं श्रमिकहरूको लागि मुलुकभित्रै रोजगारीका अवसर वृद्धि गर्नसक्ने सम्भावना देखिन्छ ।

- धान, गहुँ, मकै जस्ता अन्न बालीको प्रशस्त उत्पादन हुनुको साथै सुगम भौगोलिक संरचना रहेकोले यो प्रदेशमा कृषि बालीमा आधारित पिठोजन्य उद्योगहरू स्थापना गर्न सक्ने राम्रो सम्भावना रहेको छ ।

# परिच्छेद - ५
# सेवा क्षेत्र

## ५. सेवा क्षेत्र

सेवा क्षेत्र अन्तर्गत मधेश प्रदेशमा सञ्चालित पर्यटन, सार्वजनिक निर्माण, रियलस्टेट, वित्तीय सेवा, यातायात, सञ्चार, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुरेन्ट, सार्वजनिक प्रशासन, स्वास्थ्य एवम् सुरक्षा व्यवस्था जस्ता क्षेत्रहरूलाई समावेश गरिएको छ । ती मध्ये प्रमुख उप-क्षेत्रहरूको समीक्षा अवधिको स्थिति निम्नानुसार रहेको छ ।

## ५.१ पर्यटन

समीक्षा अवधिमा छनौटमा परेका मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या गत वर्षको सोही अवधिको तुलनामा समीक्षा अवधिमा ७५.८८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस क्षेत्रको रोजगारीमा २९.४७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा पर्यटक आगमनमा ३०.१० प्रतिशतले वृद्धि भई १० हजार २ सय १७ जना पुगेको छ । कुल पर्यटक आगमनमा भारतबाट ८ हजार ५ सय ५५ जना र तेश्रो मुलुकबाट १ हजार ५ सय ४४ जना पर्यटक आएको देखिन्छ । गत वर्षको सोही अवधिमा पर्यटक आगमनमा १०१.३३ प्रशितले वृद्धि भई ७ हजार ८ सय ५४ जना पुगेको थियो । गत अवधिमा पर्यटक आगमन संख्यामा उल्लेखनीय वृद्धि हुनुमा विगत वर्षहरूमा कोभिड-१९ ले पर्यटक आगमन ठप्प रहेकोमा सो को प्रभाव विस्तारै कम हुँदै गएर पर्यटक आवागमनमा सहजता आई सो क्षेत्रको गतिविधि बढ्नु हो । पर्यटक आगमनमा वृद्धि भएसँगै होटलहरूको व्यवसाय वृद्धि भएकाले यहाँ कार्यरत कर्मचारीहरूको लागि रोजगारीको अवसर समेत वृद्धि भएको देखिन्छ ।

## ५.२. सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा मधेश प्रदेशको समग्र घरजग्गा रजिष्ट्रेशन संख्यामा ५१.७२ प्रतिशतले ह्रास भई ४३ हजार २ सय ५७ पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा २४.९५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर जग्गा रजिष्ट्रेशन राजस्वमा ५७.९६ प्रतिशतले ह्रास भई रु.९६ करोड २५ लाखमै सिमित रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो रकम रु.२ अर्ब २८ करोड रहेको थियो । समीक्षा अवधिमा नक्शा पास स्वीकृत संख्यामा १०.२७ प्रतिशतले ह्रास आई १ हजार ८ सय ३४ रहन गएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या २ हजार ४४ रहेको थियो ।

जग्गामा अधिक लगानी तथा कृषि योग्य जग्गाको कित्ताकाट भई रहेकोले जग्गको बर्गिकरण गरी मात्रै कित्ताकाट गर्ने भनी कित्ताकाटमा रोक लगाएकोले घरजग्गा रजिष्ट्रेशन संख्या तथा घरजग्गा रजिष्ट्रेशन राजस्वमा ह्रास आएको देखिन्छ । यस सम्बन्धी विवरण तालिका नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| क्र.सं. | विवरण | २०७८ पुस मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| १. | घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ८९,६०६.०० | ४३,२५७.०० | -५१.७२ |
| २. | घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २,०४४ | १,८३४ | -१०.२७ |
| ३. | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.दश लाखमा) | २,२८९.७९ | ९६२.५१ | -५७.९६ |

*स्रोत : मालपोत कार्यालय तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

समीक्षा अवधिमा मधेश प्रदेशमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरू (लघुवित्त सहित) को सञ्चालनमा रहेका कुल शाखा संख्या १ हजार ७ सय ६१ रहेको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा सञ्चालित कुल शाखा १ हजार ७ सय ३ रहेको थियो ।

सञ्चालनमा रहेका शाखाहरू मध्ये वाणिज्य बैंकका ५७३, विकास बैंकका ८४, वित्त कम्पनीका ४६ र लघुवित्त वित्तीय संस्थाहरूको १ हजार ५८ शाखाहरू रहेका छन । जिल्लागत आधारमा शाखाहरूको उपस्थिति हेर्दा सबै भन्दा बढी धनुषा जिल्लामा २५३ शाखाहरू र सबै भन्दा कम रौतहट जिल्लामा १८० शाखाहरू रहेका छन् । समीक्षा अवधिमा यस प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूको ४०७ ATM संख्या छन् । जस मध्ये सबै भन्दा बढी पर्सा जिल्लामा ६८ वटा र सबै भन्दा कम रौतहट जिल्लामा ३३ वटा रहेका छन् । यस सम्बन्धी विवरण तालिका नं. ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरू**

| क्र.सं. | जिल्ला | २०७९ पुस मसान्तसम्मको शाखा संख्या | २०७९ पुस मसान्तसम्मको ATM संख्या |
|---|---|---|---|
| १. | पर्सा | १९७ | ६८ |
| २. | बारा | २५० | ६१ |
| ३. | सर्लाही | २३३ | ३६ |
| ४. | रौतहट | १८० | ३३ |
| ५. | महोत्तरी | २१७ | ३८ |
| ६. | धनुषा | २५३ | ६४ |
| ७. | सिराहा | २३९ | ६७ |
| ८. | सप्तरी | १९२ | ४० |
| | **जम्मा** | **१,७६१** | **४०७** |


*(स्रोतः- नेपाल राष्ट्र बैंक)*

## ५.४ निक्षेप तथा कर्जा स्थिति

बैंक तथा वित्तीय संस्थाहरूले समीक्षा अवधिमा यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप गत वर्षको सोही अवधिको तुलनामा ५.८४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ६१ अर्ब ५० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १३.२४ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ४७ अर्ब ९ करोड पुगेको थियो ।

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा गत वर्षको सोही अवधिको तुलनामा ६.८० प्रतिशतले वृद्धि भई रु.४ खर्ब ५२ अर्ब ९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३७.२९ प्रतिशतले वृद्धि भई रु.४ खर्ब २४ अर्ब १४ करोड पुगेको थियो । यस सम्बन्धी विवरण चार्ट नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

चार्ट ५.१ : निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा )




*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.५ यातायात

समीक्षा अवधिसम्ममा मधेश प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या गत वर्षको सोही अवधिको तुलनामा ४.३७ प्रतिशतले वृद्धि भई १० लाख ९३ हजार ६ सय ३० पुगेको छ। गत वर्षको सोही अवधिसम्ममा उक्त सवारी साधनको संख्या ४.०४ प्रतिशतले वृद्धि भई १० लाख ४७ हजार ८ सय ५ पुगेको थियो। समीक्षा अवधिमा सवारी साधनहरू मध्ये मोटरसाइकलको संख्यामा २.२३ प्रतिशतले वृद्धि भई ८ लाख २१ हजार ७ सय ८३ र अन्य यातायात साधनको संख्यामा ४.५६ प्रतिशतले वृद्धि भई २ लाख ७१ हजार ७ सय ८३ पुगेको छ। यस सम्बन्धी विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ५.३ :मधेश प्रदेशमा यातायातको स्थिति**

| क्र.स. | विवरण | २०७७ पुस मसान्त | २०७८ पुस मसान्त | २०७९ पुस मसान्त | समीक्षा अवधिको परिवर्तन (%) |
|---|---|---|---|---|---|
| १. | मोटरसाईकल | ७,५२,४६४ | ८,०३,८२२ | ८,२१,७८३ | २.२३ |
| २. | अन्य | २,५२,६८३ | २,६८,७१४ | २,७१,७८३ | ४.५६ |
| | **कुल संख्या** | **१०,०५,१४७** | **१०,४७,८०५** | **१०,९३,६३०** | **४.३७** |

*(स्रोत:- यातायात व्यवस्था कार्यालय, मधेश प्रदेश)*

## ५.६ सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ७.७७ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६१ अर्ब १८ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा २२.२१ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४९ अर्ब ५६ करोड पुगेको थियो। यस सम्बन्धी विवरण तालिका नं. ५.४ मा प्रस्तुत गरिएको छ।

| तालिका ५.४ : सेवा क्षेत्र कर्जाको स्थिति (रु.करोडमा) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विवरण | २०७७/७८ पुस मसान्त | २०७८/७९ पुस मसान्त | २०७९/८० पुस मसान्त |
| १. | यातायात, भण्डारण र संचार | ५,७३ | ६,२६ | ६,३० |
| २. | थोक तथा खुद्रा बिक्रेता | ९७,०७ | १,२८,१६ | १,३८,६२ |
| ३. | वित्त, बीमा तथा अचल सम्पत्ति | ८,३५ | ४,३४ | ६,२३ |
| ४. | पर्यटन | ४,०३ | ५,०७ | ७,०८ |
| ५. | अन्य सेवा | ७,२१ | ५,७३ | २,९५ |
| | जम्मा | १,२२,३९ | १,४९,५६ | १,६१,१८ |

*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

समीक्षा अवधिमा मधेश प्रदेशमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरूबाट सेवा क्षेत्रतर्फ भएको कुल कर्जा मध्ये सबैभन्दा बढी पर्सा जिल्लामा रु.५० अर्ब ८५ करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जाको ३१.५६ प्रतिशत र सबैभन्दा कम सप्तरी जिल्लामा रु. ९ अर्ब १० करोड अर्थात् मधेश प्रदेशमा प्रवाहित कुल सेवा क्षेत्र कर्जाको ५.६५ प्रतिशत रहेको छ । सो अवधिमा मधेश प्रदेशबाट सेवा क्षेत्रमा प्रवाहित कर्जाको जिल्लागत स्थिति तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

| तालिका ५.५ : जिल्लागत सेवा क्षेत्र कर्जा (रु.करोड) | | | |
|---|---|---|---|
| क्र.सं. | जिल्ला | रकम | जिल्लागत हिस्सा (%) |
| १. | पर्सा | ५०,८५ | ३१.५६ |
| २. | बारा | १३,६३ | ८.४५ |
| ३. | रौतहट | ११,२१ | ६.९५ |
| ४. | सर्लाही | १८,५६ | ११.५१ |
| ५. | महोत्तरी | १२,९६ | ८.०४ |
| ६. | धनुषा | २४,१९ | १५.०० |
| ७. | सिराहा | २०,६८ | १२.८४ |
| ८. | सप्तरी | ९,१० | ५.६५ |
| | जम्मा | १,६१,१८ | १००.०० |

*(स्रोत:- नेपाल राष्ट्र बैंक)*

## ५.७ सहकारी

समीक्षा अबधिमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका १० वटा सहकारीहरुको २०७९ पुष मसान्तसम्म कुल पुँजी रु.१ अर्ब ७७ करोड ६३ लाख रहेको छ । त्यसैगरी, यी सहकारी संस्थाहरुमा रु.५ अर्ब ७२ करोड ४ लाख बचत रहेको छ भने कुल ऋण रु.५ अर्ब ६४ करोड ४० लाख रहेको छ । यी सहकारी संस्थाहरुमा कुल बचत गत आर्थिक बर्षको सोहि अबधिको तुलनामा १९.४२ प्रतिशत र कुल कर्जा ७.९७ प्रतिशतले ह्रास आएको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०७९ पुष मसान्तसम्म कुल ७९,३६४ सदस्यहरु र कुल २५७ जना

कर्मचारीहरु रहेका छन् । समीक्षा अबधिमा नमुना छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या ४.०५ प्रतिशते बढेको छ ।

## ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना

मधेश प्रदेशमा धार्मिक तथा साँस्कृतिक महत्व बोकेका पोखरीहरू धेरै रहेकाले यसलाई सरसफाई गरी जल मनोरञ्जनको दृष्टिले उपयोग गर्न सकेमा धार्मिक तथा सबै प्रकारका पर्यटकहरूलाई आकर्षित गर्न सकिने देखिन्छ । उपयुक्त भौगोलिक अवस्थिति भएकाले अस्पताल तथा ठूला शिक्षण संस्थाहरूको समेत स्थापना गर्न सकेमा शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा समेत राम्रो सम्भावना बोकेको प्रदेशको रुपमा देखिन्छ । तथापि यस क्षेत्रको विकासमा यहाँ देहाय बमोजिम चुनौती र सम्भावनाहरू रहेको देखिन्छ ।

### ५.८.१ चुनौतीहरू

- मधेश प्रदेशमा सेवारत बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय स्रोत तथा साधनलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी आर्थिक वृद्धि तथा उत्पादकत्व वृद्धि गर्नुका साथै सर्वसाधारण जनताहरुलाई वित्तीय सेवाको सहज पहुँच उपलब्ध हुने व्यवस्था गरी मिटरव्याजीसंगको चर्को व्याज तथा ठगी कारोवारबाट मुक्त गर्ने एवम् अनौपचारीक कारोवार गर्ने व्यक्ति र समुहलाई निरुत्साहित गर्ने ।
- कर्जाको लागत र यस बैंकबाट जारी चालू पुँजी कर्जा सम्बन्धी मार्गदर्शनको विरोधमा उद्योग व्यवसायीहरु बाट भईरहेको विरोधलाई सामान्यीकरण गर्दै अर्थतन्त्रको यथार्थ अवस्था बुझाउने तथा निजहरुको यथोचित मागहरु सम्बोधन गर्दै जाने ।
- मधेश प्रदेशमा अवस्थित मिथिला क्षेत्रको सांस्कृतिक सम्पदाको रुपमा रहेको मिथिला कला तथा संस्कृति जस्ता मौलिक कला सँस्कृति समेट्ने विषय वस्तुहरूको संरक्षण र विकास गर्नु ।
- जनकपुर क्षेत्रमा रहेको मानव निर्मित पोखरी तथा ताल तलैया लगायत शहरको उचित सरसफाई तथा श्रृंगार गरी मनोरञ्जनात्मक गतिविधिहरूको प्रवर्द्धन गरी पर्यटन विकास गर्नु ।
- मधेशमा बढिरहेको अव्यवस्थित र द्रुत शहरीकरणलाई रोकी व्यवस्थित र सुन्दर शहरीकरणको विकास गर्नु ।
- पर्यटकीय एवम् मनोरञ्जनका स्थलहरूको खोजी तथा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा वृद्धि गर्ने तथा बसाई अवधि लम्ब्याउने ।
- स्थानीय वासिन्दाहरूमा शहर तथा प्राचीन र साँस्कृतिक सम्पदाहरूको सरसफाई सम्बन्धी जनचेतना जगाई पर्यटन क्षेत्रको विकासलाई प्रोत्साहित गर्नु ।

### ५.८.२ सम्भावनाहरू

- मधेश प्रदेशमा सिम्रौनगढ, गढीमाई, जनकपुर, जलेश्वर र छिन्नमस्ता जस्ता ऐतिहासिक एवम् धार्मिक महत्वका तीर्थस्थलहरू रहेकाले यस प्रदेशमा धार्मिक तथा सांस्कृतिक पर्यटन विकासको राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको सीमा भएर बग्ने सप्तकोशी नदी साहसिक जलयात्राको दृष्टिकोणले प्रख्यात रहेकाले यस्ता पर्यटकहरूलाई यहाँ आकर्षित गर्न सक्ने राम्रो सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको ताजा माछा लोकप्रिय रहेको र हवाई तथा स्थल यातायातको हिसाबले सुगम रहेकोले सो को लाभ लिँदै स्तरीय होटल तथा रेष्टुरेन्टको स्थापना गरेमा माछापालन हुने स्थानहरूमा मत्स्य पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।
- उपयुक्त भौगोलिक संरचना रहेकोले शिक्षा, स्वास्थ्य तथा खेलकुद क्षेत्रलाई समावेश गरी एकीकृत पर्यटन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको देखिन्छ ।

- जनकपुर क्षेत्रमा रहेको पोखरी तथा ताल तलैयाहरू लगायत शहरको उचित सरसफाई र श्रृंगार गरी पर्यटक आकर्षित गर्न सकेमा यसबाट समेत पर्यटन क्षेत्रको विस्तार गर्न सकिने देखिन्छ ।
- मधेश प्रदेशमा अधिकांश भू-भाग समथर भएकोले यहाँ निर्माण सेवा, उत्पादनमूलक कार्य र यातायात सञ्जाल विकास गर्न सहज हुने देखिन्छ ।
- भारतसँग खुल्ला सिमाना भएकोले पर्यटन पूर्वाधार विकास गर्न सके स्तरीय भारतीय पर्यटक भित्र्याउन सकिने उच्च संभावना रहेको देखिन्छ ।
- मधेश प्रदेश कृषि तथा माछापालनमा अग्रस्थानमा रहेकाले कृषिलाई आकर्षक र आधुनिक व्यवसायको रुपमा विकास गरी कृषि पर्यटन लगायतका पर्यटकीय विकास गर्न सकिने सम्भावना देखिन्छ ।

# परिच्छेद-६
# पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

मधेश प्रदेशमा पूर्वाधार विकासका राष्ट्रिय आयोजनाहरू सञ्चालनमा रहेका छन् । यहाँ निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरूको काम द्रुत गतिमा बढ्ने, जयनगर–जनकपुर कुर्था रेल्वे सञ्चालनको नीतिगत व्यवस्था तथा कार्यविधिहरू तयार भई कर्मचारी नियुक्ति लगायत काम अघि बढीसकेको, प्रदेशभित्रका स्थानीय तहहरूले विकास निर्माणका बाँकी कार्यहरूमा तीव्रता ल्याउँदा सडक, खानेपानी, ढल निर्माण जस्ता स–साना आयोजनाहरू सम्पन्न हुने क्रममा छ । हुलाकी राजमार्ग निर्माणको कार्य प्रगतिमा वृद्धि हुने, जयनगर जनकपुर कुर्था रेलवेको बाँकी खण्ड विस्तार भई विजलपुरा हुँदै वर्दिवाससम्म पुऱ्याउन काम अघि बढिरहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको काम अघि बढाउन सरकारले बजेट र कार्यक्रमहरू अघि बढाएकाले आगामी वर्षहरूमा पूर्वाधार क्षेत्रको प्रगतिमा उल्लेख्य वृद्धि हुने अनुमान छ । स्थानीय तहमा नयाँ जनप्रतिनिधिहरूको आगमनसँगै कामले नयाँ दिशा पहिल्याउने, स्थानीय आवश्यकता अनुरुपको विकास निर्माणको पहिचान, जनताको विकास प्रति जागरुकता र निर्माण सामग्रीको सहज उपलब्धता आदि कारणले मधेश प्रदेशमा आगामी दिन पूर्वाधार निर्माणको गतिमा तीव्रता आउने अनुमान गरिएको छ ।

### ६.१.१ जयनगर-जनकपुर-कुर्था रेलवे

नेपाल रेलवे कम्पनी लिमिटेडको व्यवस्थापनमा सञ्चालन हुने गरी जयनगर-जनकपुर-कुर्था रेलवेको भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न भई वि.सं.२०७८ चैत्र २० गतेबाट सञ्चालनमा आएको छ । भारत सरकारको पूर्ण लगानीमा सम्पन्न भएको भौतिक पूर्वाधार निर्माण अन्तर्गत रेलवेको लिक बिछ्याउने तथा विभिन्न स्टेशनहरुमा प्लेटफर्म बनाउने र रेलको ईन्जिन र बग्गी खरीद समेतको कुल लागत रु.८ अर्बरहेको जानकारी सो कम्पनीवाट प्राप्त भएको छ । कम्पनीका अनुसार रेलको यात्रु क्षमता १ हजार ३ सय रहेको छ जसमा एसी क्याबिनमा ५६ जना र जनरल क्याबिनमा जम्मा १ हजार २ सय ४४ जना यात्रु अट्ने क्षमता रहेको छ । यस हिसाबले दैनिक रुपमा रेलको यात्री संख्या २ हजार ५ सय देखि ३ हजार रहेको छ ।

हाल सम्पन्न पूर्वाधार अनुसार धनुषाको कुर्थाबाट, जनकपुर, परवाह, वैदेही, महिनाथपुर, खजुरी, इनर्वा हुँदै भारतीय सीमास्थित बजार जयनगरसम्म चल्ने यस रेल्वेको लम्बाई ३५ कि.मी.रहेको छ । कुर्था-विजलपुरासम्मको ३५ कि.मी. खण्ड भने निर्माणाधीन अवस्थामा रहेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि.सन् २०२३ को नोभेम्बरसम्म सम्पन्न हुने लक्ष्यको साथ काम भइरहेको छ । भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवम् मुआब्जा वितरणको प्रक्रियामा रहेको छ ।

### ६.१.२ काठमाडौं-तराई मधेश द्रुतमार्ग

काठमाडौ-तराई मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौलाई तराई मधेससँग छोटो दूरीमा जोड्ने रणनीतिक महत्वको देशकै पहिलो स्तरीय सडक तथा द्रुतमार्ग (Asian Highway Standard Primary Class A) हो । यस द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखिएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ वैशाख २१ गतेको निर्णय अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४ श्रावण २७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भई निर्माण शुरु भएको हो । नेपाली सेनालाई आयोजना हस्तान्तरण भए पश्चात् Asian Development Bank (ADB) द्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका निर्माण कार्यहरू अगाडि बढाइएको छ । कोरियाको Soosung Engineering & Consulting ले द्रुतमार्गको विस्तृत

परियोजना प्रतिवेदन (DPR) तयार गरी स्वीकृतिका लागि पेश भएकोमा २०७६ भदौ १ गते स्वीकृत भईसकेको छ । यसको लम्बाई ललितपुरको खोकना देखि शुरु भई मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म चार लेन सहितको जम्मा ७२.५ कि.मि. रहेको छ । यस सडकको कुल लम्बाई मध्ये ५५.५ कि.मि. सडक खण्ड, १०.५९ कि.मि. पुल र ६.४१ कि.मि. सुरुङ्ग मार्ग हुने कुरा परियोजनाको विवरणमा उल्लेख छ ।

आ.व. २०७४/७५ बाट शुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.१ खर्ब ११ अर्ब अनुमान रहेकोमा संशोधित लागत रु.२ खर्ब १९ अर्ब पुग्ने अनुमान रहेकोछ । काठमाडौं-तराई मधेश द्रुतमार्ग सडक आयोजना प्रमुखको कार्यालय जंगी अड्डा, काठमाडौको प्रतिवेदन अनुसार आ.व. २०७८/७९ मा आयोजनाको निम्ति रु.३० अर्ब ७ करोड बजेट विनियोजन भएकोमा रु.६१ करोड मात्र खर्च भएको छ । आ.व.२०७८/७९ अन्त्यसम्ममा सो आयोजनाको भौतिक प्रगति २१.१८ प्रतिशत र वित्तीय प्रगति १९.५८ प्रतिशत भएको देखिन्छ । त्यस्तै आ.व.२०७९/८० मा आयोजनाको निम्ति रु.३० अर्ब ७ करोड बजेट विनियोजन भएको छ । ललितपुरको खोकनामा सडकको निर्धारित रेखाङ्कन क्षेत्रमा पुरातात्विक महत्वको मठ-मन्दिर परेका कारण सडकको रेखाङ्कन परिवर्तन गर्नुपर्ने अवस्था र बेस क्याम्प तथा सडक निर्माण स्थलमा विद्युत् आपूर्ति सहज हुन नसकेकोले काममा केही ढीलाई भएको व्यहोरा सो प्रतिवेदनमा उल्लेख भएको छ ।

### ६.१.३ हुलाकी राजमार्ग

आर्थिक वर्ष २०६४/६५ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । प्रारम्भिक लागत अनुमान रु.४७ अर्ब २४ करोड रहेकोमा संशोधित लागत रु.८४ अर्ब ३३ करोड रहेको छ । नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट सार्वजनिक भएको आ.व. २०७९/८० को प्रथम त्रैमासिक समीक्षा अनुसार हालसम्मको समग्र भौतीक प्रगति ७२.१६ प्रतिशत र वित्तीय प्रगति ६२.९९ प्रतिशत (रु.५३ अर्ब १२ करोड)रहेको छ । हालसम्ममा कुल १ हजार ८ सय ७९ कि.मी. मध्ये १ हजार ३ सय ५६ कि.मी. कालोपत्रे सम्पन्न भएको छ भने बाँकी ४ सय १५ कि.मि. सडक निर्माणाधीन अवस्थामा रहेको छ । कुल २ सय ५० पुल मध्ये १ सय १५ वटा पुल सम्पन्न भएको र ४५ वटा पुल निर्माणाधीन छन् । तथा २०५ कि.मि. सडक र ५० वटा पुलको ठेका व्यवस्थापन हुन बाँकी रहेको छ ।

### ६.१.४ निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढेको **निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको काम** आ.व. २०७१/७२ बाट शुरु भई आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय गौरवका आयोजनाहरूको संक्षिप्त परिचय सम्बन्धमा प्रकाशित विवरण, २०७७ अनुसार नेपाल सरकार र Land Mark Worldwide बिच सम्पन्न सम्झौता अनुसार निजगढमा एयरपोर्ट सिटी सहित विमानस्थल बनाउने सम्बन्धमा Land Mark Worldwide तयार गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार यसको अनुमानित लागत रु.७ खर्ब रहेको थियो । सोही विवरण अनुसार राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढिरहेको यस आयोजनाको स्वीकृत कुल लागत रु.१ खर्ब ६५ अर्ब रहेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार यस आयोजनाको गर्नुपर्ने प्राथमिक तयारीका कार्यहरू विमानस्थल क्षेत्रमा तारबार गर्ने, ६६ बिगाह निजी जग्गा अधिग्रहण गर्ने, वातावरणीय प्रभाव मूल्यांकन गर्ने, बकाहा र पसाहा खोलामा ४ हजार मिटर नदी नियन्त्रणको कार्य सम्पन्न गरेको छ । विमानस्थल क्षेत्रमा रहेका सुकुम्वासी वस्तीको घर जग्गाको लगत लिई तिनको व्यवस्थापनको लागि भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत कारवाही अघि बढाइएको छ । विमानस्थलको गुरुयोजना निर्माणको ५० प्रतिशत कार्य सम्पन्न भएको छ । प्रथम चरणको निर्माण कार्यका लागी १ हजार ९ सय हेक्टर क्षेत्रफल भित्र पर्ने रुख पोलको लागत नम्बरिङ्ग कार्य भइरहेको छ । परियोजनाको Detail Feasibility Study तथा आयोजनास्थल वरपर सीमाङ्कन गर्ने कार्य सम्पन्न भएको छ । हाल आयोजना कार्यान्वयनमा देखापरेका प्रमुख समस्या तथा चुनौतीहरू टाँगिया बस्ती व्यवस्थापन र आयोजनाका मोडालिटी बारे निर्णय हुन नसक्नु पनि रहेको छ । सम्मानीत सर्वोच्च अदालतले निर्णय दिए पश्चात हाल यो आयोजनाको काम अगाडी बढ्न सकेको छैन ।

## ६.२. रोजगारी

प्रदेशको रोजगारी सम्बन्धी विवरणलाई वैदेशिक रोजगारी र आन्तरिक रोजगारी गरी दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ६.२.१ वैदेशिक रोजगारी

मधेश प्रदेशबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा श्रमिकहरू विदेश गएका छन् । धनुषा जिल्ला मुलुककै सबभन्दा बढी वैदेशिक रोजगारीमा श्रमशक्ति पठाउने जिल्लाको रुपमा रहेको छ । वैदेशिक रोजगारीमा जाने कामदारको संख्या उल्लेख्य रहेतापनि अदक्ष कामदारको संख्या अधिक रहेकोले यसबाट राम्रो आम्दानी गर्न भने सकेको देखिँदैन । आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या ६६ हजार ५४ रहेको छ । यो संख्या वाह्य रोजगारीका लागि मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २४.२६ प्रतिशत हो । मधेश प्रदेशबाट वैदेशिक रोजगारीमा गएका कामदारहरू मध्ये सबै भन्दा बढी कामदार कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कुवेत र मलेसियामा कार्यरत छन् । यस सम्बन्धी विवरण तालिका नं. ६.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.१ : श्रम स्वीकृति लिनेहरुको संख्या**

| क्र.सं. | जिल्ला | श्रम स्वीकृति संख्या | मुलुकभरकोसँग तुलना (%) | मुलुकभरको जम्मा |
|---|---|---|---|---|
| १. | सप्तरी | ८,२५४ | ३.०३ | |
| २. | सिराहा | ९,०७५ | ३.३३ | |
| ३. | धनुषा | १२,४६४ | ४.५७ | |
| ४. | महोत्तरी | १०,२७६ | ३.७७ | २,७२,१६७ |
| ५. | सर्लाही | १०,१०६ | ३.७१ | |
| ६. | रौतहट | ६,५८४ | २.४१ | |
| ७. | बारा | ६,१३३ | २.२५ | |
| ८. | पर्सा | ३,१६२ | १.१७ | |
| | **जम्मा** | **६६,०५४** | **२४.२६** | |

*(स्रोत : श्रम विभाग, मासिक प्रतिवेदन साउन देखि पुस २०७९)*

### ६.२.२ आन्तरिक रोजगारी

आन्तरिक रोजगारी अन्तर्गत संघीय तथा प्रादेशिक सरकारले वार्षिक कार्यक्रम तथा आवधिक योजना मार्फत मधेश प्रदेशमा सञ्चालित रोजगारमूलक देहाय बमोजिम कार्यक्रमहरू रहेका छन :

- संघीय सरकारले मानव विकास सुचकाङ्कमा पछाडि परेका मधेश प्रदेशका सीमा क्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवम् पूर्वाधार निर्माणका लागि **तराई मधेश समृद्ध कार्यक्रम** सञ्चालन गरेको छ ।
- स्थानीय तहमा संचालित सार्वजनिक बिकास निर्माणका कार्यहरू श्रममूलक प्रविधिमार्फत सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भईरहेको छ ।
- सहुलियतपूर्ण कर्जा कार्यक्रम अन्तर्गत स्थानीय स्तरमै थप रोजगारी सिर्जना गर्ने अघिल्लो वर्षको लक्ष्यलाई थप प्रभावकारी बनाउदै उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न विशेष जोड दिएको छ ।

- चालु आ.व.को बजेट बक्तव्यमा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदी नियन्त्रण, वृक्षारोपण लगायत संघ, प्रदेश र स्थानीय तहका आयोजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई रोजगार दिने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ ।

**प्रदेश र स्थानीय सरकारबाट सञ्चालित रोजगार कार्यक्रम**

- प्रदेश सरकार र पालिकाहरूबाट संचालन गरिने विकास निर्माणका कार्यहरूमा यन्त्र उपकरणको प्रयोगलाई निरुत्साहित गरी श्रममूलक रोजगारी सिर्जना गर्ने कार्यक्रम समावेश गरेको ।

- कोभिड-१९ को कारण वैदेशिक रोजगार गुमाएर घर फर्किएका युवाहरूको रोजगारीको लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा हुने विकास निर्माणका कार्यहरू, बाढी रोकथाम तथा नियन्त्रणका कार्यहरू, घरेलु तथा साना उद्योग व्यवसाय तथा आधुनिक कृषिजन्य क्रियाकलापमार्फत रोजगारका अवसरहरू सिर्जना गर्ने कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरेको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट क्षेत्र कार्यक्रम संचालन गरी किसानहरूको उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न विभिन्न अनुदान, सहुलियतका सुविधा प्रदान गर्नुको साथै किसानहरूलाई विभिन्न किसिमका व्यावसायिक तालिम कार्यक्रमहरू संचालन गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रम अघि बढेको छ ।

## ६.३ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

मधेश प्रदेशको भौगोलिक धरातल उपयुक्त रहेकाले ठूला उद्योगहरू स्थापना गरी सोबाट आर्थिक गतिविधि बढाउनुका साथै रोजगारी सिर्जना हुने अवसर देखिन्छ । यसका साथै पुर्व-पश्चिम राजमार्ग विस्तार तथा काठमाडौलाई तराईसँग जोड्ने फाष्ट ट्र्याक निर्माणको चरणमा रहेकोले यसबाट समेत रोजगारीका अवसर सिर्जना गर्न केही टेवा पुग्ने देखिन्छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरू तयार हुने नीतिगत निर्णय भइसकेको भएपनि काम अघि बढ्न सकेको छैन । सुनकोशी मरिन डाईभर्शनलाई सर्लाही जिल्लाको बागमती सिँचाई आयोजनामा जोड्ने जस्ता ठूला पूर्वाधार आयोजनाहरू अघि बढिरहेका छन् भने हुलाकी राजमार्ग पनि निर्माणको चरणमा रहेको छ । यद्यपि मधेश प्रदेशमा पूर्वाधार र रोजगारी क्षेत्रमा निम्नानुसार चुनौती तथा सम्भावनाहरू रहेका छन् ।

### ६.३.१ चुनौतीहरू

- मधेश प्रदेशमा शुरु भएका हुलाकी राजमार्ग, काठमाडौ–निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकामा सम्पन्न गर्नु ।

- पूर्वाधार क्षेत्रको विकासमा निजी र वैदेशिक लगानी आकर्षित गरी मधेश प्रदेशलाई लगानीयोग्य क्षेत्रको रुपमा विकास गरी रोजगारी सिर्जना गर्नु । ।

- पूर्वाधार क्षेत्रको विकासमा आउने समस्याहरू समाधान गर्न अन्तर-निकाय समन्वय कायम गर्ने र निर्माण शुरु भएका आयोजनाहरूको काम समयमै सम्पन्न गर्न निर्माण व्यावसायी र ठेकेदारको क्षमता अभिवृद्धि गर्नु ।

- भारतीय सहयोगमा नेपाल रेलवे कम्पनीबाट जयनगर कुर्था सम्म संचालन भईरहेको रेल सेवा संचालनमा सेक्सन वर्कसप निमार्ण नभएकोले मर्मतको लागी भारतको भर पर्नु पर्ने, तालीम प्राप्त स्वदेशी चालक तथा स्टेशन मास्टर जस्ता जनशक्तिहरु नभएकोले महँगो भारतीय जनशक्तिमा भर पर्नु पर्ने, नेपालमा Fueling Centre नभएकोले भारतमा सो सेवा लिँदा चर्को सेवा शुल्क तिर्नु पर्ने भएकोले ड्रममा बोकेर ल्याई इन्धन भर्नु पर्ने, Washing feed (रेल धुने स्थान) नभएको, रेलको आकार (थोरै

डब्बा) सानो भएकोले माग अनुसार सेवा दिन नसकेको जस्ता समस्याहरु समाधान गरी सहजरुपमा रेलसेवा संचालन गर्नु ।

- सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा डेरी र केही खाद्य उद्योगहरू बाहेक अन्य ठूला उद्योगहरू सञ्चालनमा नरहेको सन्दर्भमा उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरू सञ्चालन हुने वातावरण तयार पार्नु ।
- अव्यवस्थित रुपमा बढ्ने शहरीकरणले औद्योगिक क्षेत्रको लागि चाहिने जग्गा उपलब्ध हुन सक्ने वातावरण नरहेकोले शहरीकरणलाई व्यवस्थित बनाउनु ।
- मधेश प्रदेशमा मात्र रहेको रेलवे सेवाको शीघ्र विस्तार तथा प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा सञ्चालन गर्नु ।
- पुर्व पश्चिम राजमार्गको चौडाई विस्तार गर्ने काम शुरु भएकोमा सो काम समयमै काम सम्पन्न गर्नु ।
- निर्माण सम्पन्न भएका कमला बाँध, ढल्केबर जनकपुर सडक जस्ता पूर्वाधार आयोजनाहरूको समय समयमा मर्मत संभार गरी यसको दिगोपना कायम गर्नु ।
- प्रदेश र स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरूको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु ।
- मधेश प्रदेशमा अनुकुल रहेका भौगोलिक स्वरुपको उपयोग गर्दै उत्पादनमूलक उद्योगहरूमा लगानी अभिवृद्धि गरी रोजगारी सिर्जना गर्नु ।

### ६.३.२ सम्भावना

- मधेश प्रदेश भौगोलिक दृष्टिकोणले समतल भू-भागमा रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक हिसाबले कम लागतमा अन्तराष्ट्रिय विमानस्थल जस्ता ठूला पूर्वाधारहरूको विकास तथा निर्माण हुन सक्ने सम्भावना रहेको देखिन्छ साथै कृषिजन्य उद्योगसँग सम्बन्धित पूर्वाधारको विकास तथा सेवाको विस्तार गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशको भौगोलिक सुगमता तथा यहाँको आर्थिक रुपले सक्रिय जनशक्तिको लाभ लिँदै कृषि र उद्योगको विकासमार्फत पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- पर्यटन विकासका लागि अन्य भौतिक पूर्वाधारहरूको विकास गरी पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत प्रादेशिक आय र रोजगारी बढाउन सकिने सम्भावना रहेको देखिन्छ ।
- उपयुक्त धरातलीय स्वरुप र भौगोलिक सुगमताको उपयोग गरी यहाँ ठूला विश्वविद्यालय तथा अस्पतालहरू स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको देखिन्छ ।
- सूचना प्रविधि क्षेत्रमा भएको तीव्र विकासलाई प्रयोग गरी यहाँको जनसांख्यिकीय तथा भौगोलिक सुगमताको उच्चतम प्रयोग गरी औद्योगिक क्रियाकलापमार्फत लाभ लिन सकिने सम्भावना रहेको देखिन्छ ।
- मुलुककै सबैभन्दा ठूलो सप्तकोशी नदी मधेश प्रदेशको पूर्वी सीमा हुँदै बग्ने भएकोले सो नदीको उपयुक्त स्थानमा बाँध बाँधी नहर निर्माण गर्न सके प्रदेशको कृषि योग्य भूमिमा सिँचाई सुविधा पुग्न सक्ने सम्भावना रहेको देखिन्छ ।
- मधेश प्रदेशमा सरकारी, गुठी र निजी स्वामित्वका समतल १२ विघा जस्ता धेरै खुल्ला जग्गा तथा मैदानहरू रहेकोमा हालसम्म यस्ता जमिनको सदुपयोग हुन नसकिरहेकोले त्यस्ता खुल्ला स्थानहरूको पहिचान गरी फुटबल तथा क्रिकेट मैदान जस्ता संरचनाहरू तयार गरी उपयोग गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

# आर्थिक परिदृश्य

## ७.१ प्रदेशको आर्थिक परिदृश्य

प्रदेशका कृषि विज्ञ, पशुपंक्षी विज्ञ, मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, डिभिजन वन कार्यालय, उद्योगी/व्यावसायी तथा अन्य सरोकारवाला निकायहरूबाट आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत् प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । यस विश्लेषणका आधारमा मधेश प्रदेशमा कृषि र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षको बाँकी ६ महिनाको अवधि तथा आगामी आर्थिक वर्षहरूमा बढ्दै जाने अनुमान रहेको छ । बजारमा मागको कमि भएको कारणले उद्योग क्षेत्रको गतिविधि चालु आ.व.को बाँकी ६ महिनामा घटने नै देखिन्छ । तर पनि विकास निर्माण लगायत भौतिक पूर्वाधारको क्षेत्रमा हुने काम सम्पन्न हुन नसकी पुँजीगत खर्च अपेक्षित रुपमा हुन नसकेकोले आर्थिक वर्ष २०७९/८० मा प्रदेशको आर्थिक वृद्धिदर सामान्य रहने अनुमान छ ।

### ७.१.१ कृषि तथा वनजन्य उत्पादन

मधेश प्रदेशमा धानले ढाकेको क्षेत्रफल बढेको, दलहन तथा तेलहन बाली लगाएको क्षेत्रफल बढेको, सिञ्चित जमिनको क्षेत्रफल विस्तार भएको र उन्नत बिउ बिजनको प्रयोग बढेको भएतापनि समग्र कृषि बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको, गहुँ मकै तथा कोदो जस्ता अन्न बालीहरूको खेती गरेको क्षेत्रफल घटेको, तरकारी तथा फलफूल लगाएको क्षेत्रफल घटेको र प्राय हिउँद समयमा वर्षा नभएकोले आगामी दिनमा हिउँदे कृषि बाली र अन्य मौसमका अन्न बालीहरूको उत्पादन घटेर जाने देखिन्छ । मधेश प्रदेशका जिल्लाहरूको लागि ठूला सिँचाई आयोजना लगायत परम्परागत सिँचाई प्रणाली पनि विस्तार भइरहेकोले आगामी वर्षहरूमा सिँचाईको सहज उपलब्धताले कृषि बालीको उत्पादनमा थप वृद्धि हुने अनुमान रहेको छ ।

साथै, हाँस तथा कुखुरा पालन, राँगा तथा बाखापालन व्यवसाय बढ्नुका साथै श्रोत केन्द्र स्थापना भएको, माछापालन व्यवसायका लागि पोखरीहरूको संख्या बढेको आदि कारणहरूले गर्दा आगामी दिनमा दुध, अण्डा, माछा तथा मासु उत्पादनमा समेत वृद्धि हुने देखिन्छ ।

सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् यो प्रदेशको धनुषा र बारा जिल्लालाई माछा पालन सुपरजोन सिराहा, धनुषा र सर्लाही जिल्लालाई धानको जोन; महोत्तरी, रौतहट र पर्सालाई तरकारी जोन; सिराहा र सप्तरीलाई आँपको जोन र रौतहट जिल्लालाई धानको बिउ जोनको रुपमा घोषणा गरी विभिन्न किसिमका अनुदान, सहुलियत र किसान क्षमता विकास कार्यक्रम संचालन गरिरहेको हुँदा मधेश प्रदेशमा कृषि क्षेत्रको योगदान आउँदो दिनमा क्रमशः बढ्दै जाने देखिन्छ ।

स्यालो ट्युब वेलबाट सिञ्चित जमिनको क्षेत्रफल बढेको, ब्लक तथा पकेट कार्यक्रमबाट सिँचाई तथा कृषि यान्त्रिकीकरण जस्ता व्यवसायिक खेतीका पूर्वाधारहरू बनेको, तरकारी खेतीहरूमा अनुदान प्राप्त भई व्यवसायिक तरकारी खेतीतर्फ किसानहरू अग्रसर रहेकोले उत्पादन परिमाण र खेती गरिएको क्षेत्रफल बढ्ने सम्भावना रहेको छ । तरकारी र फलफूल स्वरोजगार कार्यक्रम, उन्नत जातको बीउबिजन, कस्टम हायरिङ जस्ता सुविधाहरूले तरकारी तथा फलफूल उत्पादनमा थप राहत हुने देखिन्छ ।

मधेश प्रदेशको धेरै भागहरू चुरे वन क्षेत्र अन्तर्गत रहेको हुँदा यहाँका वनबाट न्युन वन पैदावार उत्पादन भैरहेको र वनजन्य उत्पादनमा वृद्धि हुनसक्ने अवस्था रहेको देखिँदैन भने नयाँ वनक्षेत्रबाट काठ कटान हुने सम्भावना समेत नरहेकोले वनजन्य उत्पादन यथास्थितिमा नै रहने अनुमान रहेको छ ।

### ७.१.२ औद्योगिक उत्पादन

विश्वव्यापी रुपमा बढेको कोभिड-१९ को संक्रमण विस्तारै घट्दै गएतापनि रुस र युक्रेन युद्धको कारण विगत केही समय यता औद्योगिक गतिविधिहरू विस्तार भएपनि पेट्रोलिय ईन्धनहरुको मूल्य बढ्दै गएको, बैंकको ब्याजदर बढदै गएकोले उत्पादन क्षमताको उपयोगितामा ह्रास आएको देखिन्छ ।

कच्चा पदार्थहरूको आपूर्ति सहज हुन नसकेकोले तथा आर्थिक मन्दिको कारणले निर्माण कार्य ठप्प रहेकोले समिक्षा अबधिमा औद्योगिक गतिविधि विस्तार नभएको र औद्योगिक उत्पादन घटदै गएको देखिन्छ । प्रदेशभित्रसञ्चालित वनस्पत्रि घिउ तथा तेल, चामल पिठो, पेय पदार्थ, सिमेन्ट, फलामको छड, औषधीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरूको क्षमता उपयोगको अवस्था विगतको तुलनामा ह्रास आएको देखिन्छ ।

### ७.१.३ सेवा क्षेत्र

कुल गार्हस्थ्य उत्पादनमा चालु आर्थिक वर्षको बाँकी अवधि तथा आगामी वर्षमा सेवा क्षेत्रको योगदान क्रमशः बढ्दै जाने देखिन्छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरूको सञ्चालन क्षमतामा विस्तार हुन थालेको, आन्तरिक पर्यटन सम्बन्धी गतिविधि बढ्न थालेको, हवाई तथा स्थल यातायातका यात्रु संख्या बढेको, भारत तथा तेश्रो मुलुकबाट आउने पर्यटकहरूको संख्या बढ्न थालेको, स्वास्थ्य संस्थाहरू पूर्ण रुपमा सञ्चालन हुन थालेको, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरू पूर्णरुपमा सञ्चालनमा आएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रको आर्थिक वृद्धिमा सुधार हुने सम्भावना रहेको छ । मधेश प्रदेशमा निर्मित भरत तालले धेरै स्वदेशी तथा भारतीय पर्यटकहरू आकर्षित गर्न थालेको तथा जयनगर जनकपुर कुर्था रेलवे सञ्चालनले मधेश प्रदेशको यातायात तथा पर्यटनमा टेवा पुऱ्याउने देखिएकाले सेवा क्षेत्रको माध्यमबाट आर्थिक गतिविधिहरू बढ्ने अनुमान रहेको छ ।

### ७.१.४ पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार क्षेत्र अन्तर्गत जयनगर कुर्था रेलवेको बाँकी खण्ड निर्माण हुने क्रममा रहेको छ । हुलाकी राजमार्गको बाँकी काम निर्माणको क्रममा रहेको तथा निजगढ अन्तर्राष्ट्रिय विमानस्थललाई सरकारले कार्यक्रम तथा बजेटको माध्यमबाट प्राथमिकतामा राखेको छ । त्यसतै सुनकोशी मरिन डाईभर्शन परियोजनाको काम अघि बढिरहेकोले सो को अन्तिम चरणमा सर्लाही जिल्लास्थित बागमती सिँचाई आयोजनास्थलमा पुऱ्याई बाँध विस्तार गरिने भएकोले आगामी आर्थिक वर्षहरूमा पूर्वाधारको क्षेत्रमा केही प्रगति हुने देखिन्छ ।